## विशेष इजलास

१

**मा.न्या.श्री खिलराज रेग्मी, मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री भरतराज उप्रेती,** रिट नं. २०६६-WS-००५३, उत्प्रेषण समेत, *फणिन्द्रप्रसाद पोखरेल वि. सचिव, अर्थ मन्त्रालय समेत*

निजामती सेवाहरूमा सामान्यरूपले लागू हुने वा बेग्लाबेग्लै सेवा समूहका लागि पृथकरूपले लागू हुने नियम बनाउन सक्ने विधायिकाद्वारा प्रत्यायोजित अधिकारअन्तर्गत नियम बनाई पृथकरूपमा गरेको नियम ८८ को व्यवस्था निजामती सेवा ऐन, २०४९ को दफा २१ तथा दफा ७५ समेतको विपरीत देखिन आएन। नियम ८८ को उपनियम (२) ले टाइपिष्ट निजामती कर्मचारी सम्बन्धित सेवाको अप्राविधिकतर्फको राजपत्र अनंकित पदको बढुवामा सम्भावित उम्मेद्वार हुन पाउने र उपनियम (३) ले सो बमोजिम सम्भाव्य उम्मेद्वार हुन सम्बन्धित कर्मचारीले सेवासँग सम्बन्धित तालिम लिएको हुनुपर्ने तथा बढुवा हुने पदको लागि आवश्यक पर्ने न्यूनतम् शैक्षिक योग्यता तोकेको विषयले बढुवा हुने सेवाको पदको काम गर्न योग्य र सक्षम व्यक्ति बढुवा होस् र निजको कामकारवाही समेत अपेक्षाबमोजिम नै हुने भनी गरेको व्यवस्थालाई अन्यथा भन्न नमिल्ने।

निजामती सेवा सेवा ऐन, २०४९ को दफा ७५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले बनाएको निजामती सेवा नियमावली, २०५० को नियम ८८ मा टाइपिष्ट पदको पूर्ति र बढुवासम्बन्धमा गरेको विशेष व्यवस्थाबमोजिम नियम ८८ को उपनियम (३) मा रहेको बढुवा "बढुवा हुने पदको लागि आवश्यक पर्ने न्यूनतम् शैक्षिक योग्यता प्राप्त गरेको हुनुपर्नेछ" भन्ने वाक्यांश संविधानद्वारा प्रदत्त मौलिक हकको व्यवस्थाविपरीत नदेखिनुका अतिरिक्त निजामती सेवा ऐन, २०४९ को दफा २१ को व्यवस्थासँग बाझिएको पनि नदेखिँदा नियमको सो व्यवस्था निवेदन मागबमोजिम संविधानको धारा १०७(१) बमोजिम अमान्य र बदर हुने अवस्था नदेखिने।

इजलास अधिकृतः पुनाराम खनाल
कम्प्युटरः मुकुन्द बिष्ट
इति संवत् २०६७ साल माघ १३ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री खिलराज रेग्मी, मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री भरतराज उप्रेती,** रिट नं. २०६०-WS-००४६, उत्पेषण लगायत, *प्रेमप्रसाद सन्जेल वि.प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

प्रतिष्ठानबाट निष्काशित शेयरबाट आफूलाई लाभ हुने अनुमानको आधारमा सर्वसाधारण व्यक्तिहरूको शेयरमा लगानी गरेका हुन्छन् भन्ने कुरामा समेत विवाद हुन सक्दैन। "निःशुल्क" उपलब्ध गराउने व्यवस्थाले प्रतिष्ठान एवं अन्य सर्वसाधारण शेयरवालालाई बढी वित्तीय भार वहन गर्नुपर्ने अवस्थाको सिर्जना हुनसक्ने अवस्था स्पष्ट देखिएको र यस्तो अवस्था नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३ मा रहेको समानताको हकसँग प्रतिकूल रही संविधानप्रदत्त मौलिक हकमा अनुचित बन्देज लगाइएको भन्ने देखिँदा निजीकरण ऐन, २०५० को दफा १४ को उपदफा (४) मा रहेको केही शेयरहरू "निःशुल्क" भन्ने शब्दसम्म नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(१) बमोजिम आजका मितिदेखि अमान्य र बदर घोषित हुने।

प्रतिष्ठानको वित्तीय अवस्था, कर्मचारी कामदारको प्रशासनिक भार समेतलाई दृष्टिगत गरी सो मापदण्डसम्बन्धी विषयमा सन्तुलित ढंगले विशेष अनुसन्धान गरी प्रतिष्ठानमा कार्यरत् कर्मचारी कामदारलाई केही शेयर केको आधारमा र कतिसम्म कम मूल्यमा उपलब्ध गराउन सकिने हो, त्यसको औचित्यपूर्ण, पारदर्शी व्यवस्था बनाई सोको कार्यान्वयनको लागि स्पष्ट मार्गदर्शन हुने गरी निश्चित मापदण्ड बनाई लागू गर्नु भनी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतका नाउँमा निर्देशात्मक आदेश जारी हुने।

इजलास अधिकृतः पुनाराम खनाल
कम्प्युटरः शम्भुप्रसाद शाह
इति संवत् २०६७ साल माघ १३ गते रोज ५ शुभम्।

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** फौ.पु.नं. ०६५-CR-०२९६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. गणेशबहादुर तामाङ्ग समेत*

मृतकलाई मार्ने सम्बन्धमा प्रतिवादीहरू लोकबहादुर र गने भन्ने गणेशबहादुरबीच सरसल्लाह हुँदा यी प्रतिवादीहरूले सहमति जनाएको न भै मारी हाल्नु हुँदैन हात खुट्टासम्म भाँची दिनु पर्छ सम्म भनेको भन्ने कुरा अनुसन्धानको क्रममा गरेको बयानबाट खुल्न आएको हुँदा प्रतिवादीहरू गंगे भन्ने गणेशबहादुर तामाङ्ग र हेमबहादुर तामाङ्ग प्रस्तुत वारदातको मुख्य षड्यन्त्रकार वा ज्यान मार्न लगाउने व्यक्ति हुन् भन्ने देखिन नआएकोले निजहरूलाई अभियोग माग दावीबमोजिम सजाय नहुने ।

इजलास अधिकृतः नारायण सुवेदी

इति संवत् २०६७ साल माघ १० गते रोज २ शुभम् ।

२

**स.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** रिट नं. ०६५-wo-०७३०, उत्प्रेषण, समेत, *केदारप्रसाद आचार्य वि.. गभर्नर, नेपाल राष्ट्र बैंक केन्द्रीय कार्यालय समेत*

बैंकर्स क्लब, नेपाल राष्ट्र बैंकमा गाभिएपछि अन्तर्वार्ता समेतको प्रक्रिया पूरा गरी नेपाल राष्ट्र बैंक कर्मचारी सेवा विनियमावलीबमोजिम निवेदकले २०४९।८।१ गतेदेखि परीक्षणकालमा रहने गरी मार्कर पदमा नयाँ नियुक्ति लिएको देखिएको र गभर्नरबाट मिति २०५९।२।२४ मा मिति २०४७।५।४ मा भन्दा अघिको बैंकर्स क्लबको सेवा बैंकको सेवा अवधिमा गणना गर्न नमिल्ने भनी निर्णय भएकोमा मौकैमा त्यसलाई चुनौती दिन नसकी आफ्नो सहमतिमा बैंकतर्फ नयाँ नियुक्ति लिएको तथ्यलाई अति विलम्ब गरी निवेदन दिन आएको देखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः नारायणप्रसाद सुवेदी

कम्प्युटरः मुकुन्द विष्ट

इति संवत् २०६७ साल माघ ९ गते रोज १ शुभम् ।

३

**स.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** रिट नं. ०६४-wo-०९२५, उत्प्रेषण समेत, *अधिवक्ता उत्तम अधिकारी वि. भन्सार विभाग समेत*

भन्सार ऐन, २०१९ बमोजिम भन्सार अधिकृतले भन्सार महसूल निर्धारण गरेको विषयमा सोही ऐनको दफा ३७ बमोजिम राजश्व न्यायाधिकरणमा पुनरावेदन लाग्ने वैकल्पिक कानूनी उपचारको मार्ग विद्यमान हुँदाहुँदै सो मार्ग अवलम्बन नगरी सीधै यस अदालतको असाधारण क्षेत्राधिकार अन्तर्गत प्रवेश गरी दिएको प्रस्तुत रिट निवेदनबाट निवेदनमा उठाइएका विषयहरूमा प्रवेश गरी निरोपण गर्न मिल्ने अवस्था नदेखिएकोले प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः नारायणप्रसाद सुवेदी

कम्प्युटरः मुकुन्द विष्ट

इति संवत् २०६७ साल माघ ९ गते रोज १ शुभम् ।

४

**स.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** रिट नं. २०६५-wo-१०४४, उत्प्रेषण समेत, *लक्ष्मी कार्की खड्का समेत वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

प्रस्तुत रिट निवेदनमा उत्प्रेषणको आदेशद्वारा बदर माग गरेको विवादित द्रष्टव्य यस अदालतको मिति २०६६।१।१३ को आदेशले बदर भई द्रष्टव्यबाट असर पर्ने व्यक्तिहरूका हकमा समेत सो आदेश सर्वमान्यरूपमा कार्यान्वयन गर्नु भन्ने परमादेश समेत जारी भै प्रस्तुत विवादको निरूपण (Issue Settle) भैसकेको देखिएको स्थितिमा सोही विषयमा थप व्याख्या र विश्लेषण गरी रहनु पर्ने औचित्य नदेखिँदा साविकदेखि खाइपाई आएको प्राविधिक २ ग्रेडबापतको विशेष सुविधा प्रदान गर्नु भनी निवेदन मागबमोजिम विपक्षीहरूका नाउँमा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः नारायणप्रसाद सुवेदी

कम्प्युटरः शम्भुप्रसाद शाह

इति संवत् २०६७ साल फागुन १ गते रोज १ शुभम् ।

५

**स.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** रिट नं. २०६७-WO-००७६, उत्प्रेषण समेत, *कन्हैयाप्रसाद साह तेली वि. शिक्षामन्त्री, शिक्षा मन्त्रालय समेत*

रिट निवेदन दायर गर्ने रीतपूर्वकको अख्तियारनामा नलिई विद्यालयको तर्फबाट भनी कायमै नरहेका निमित्त प्रधानाध्यापक स्वयंले रिट दायर गरेको तथा प्रत्यर्थीहरू आशपूर्णप्रसाद र हरिनाथ साहको परस्पर सरूवाबाट निवेदक कन्हैयाप्रसाद साह तेलीको कुनै हक अधिकारमा असर पर्न गएको समेत नदेखिएको र प्रत्यर्थी हरिनाथ साह तेलीले उक्त विद्यालयमा हाजिर भई प्रधानाध्यापकको हैसियतले काम गरी निवेदकलाई

समेत तलव निकासा समेत भुक्तानी दिएको तथ्य लोप गरी सफा हात नलिई अदालतमा प्रवेश गरेको देखिँदा हकदैयाविहीन निवेदनबाट रिट निवेदनको औचित्यभित्र प्रवेश गरी निर्णय निरूपण गरिरहनु पर्ने अवस्था नहुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः नारायणप्रसाद सुवेदी

कम्प्युटरः मुकुन्द विष्ट

इति संवत् २०६७ साल माघ २४ गते रोज २ शुभम् ।

## इजलास नं. १

१

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६३ सालको विविध नं. १६, अदालतको अपहेलना, *अरूणकुमार ज्ञवाली वि. कनकमणि दीक्षित समेत*

प्रधान न्यायाधीशको सम्बन्धमा गलत तथ्यमा आधारित भई समाचार प्रकाशन भएको तथ्य स्थापित भएको विपक्षीहरूद्वारा पनि स्वीकार गरी सोभन्दा पछिल्लो अङ्कमा सोको खण्डन गर्दै खेद व्यक्त गरेको पाइन्छ । तर विपक्षीहरूद्वारा खण्डन गरिएको विषयबाट उत्पन्न भएको नकारात्मक प्रभाव तथा प्रकाशित समाचारबाट तत्कालीन प्रधान न्यायाधीशको मर्यादामा आँच पुग्न गएको तर्फ भने विपक्षीहरू कम संवेदनशील रही खण्डन गरिएको विषयलाई उच्च प्राथमिकता नदिई अपेक्षाकृत कम पाठकको ध्यान जाने स्थानमा सोसम्बन्धी समाचार प्रकाशन भएको देखिन आउँछ, जो उपयुक्त

देखिएन । तसर्थ यस्तो अवस्था र स्थिति फेरि फेरि नदोहोरियोस्, स्वस्थ्य एवं विश्वसनीय समाचार सम्प्रेषण गर्दै स्वच्छ पत्रकारिताको विकास होस् भन्ने तर्फ विशेष ध्यान पुऱ्याई आगामी दिनमा कुनै पनि प्रकारले गलत तथ्यमा आधारित भई समाचार प्रकाशित नगर्नू, नगराउनू यदि सजग र सतर्क रहँदारहँदै पनि मानवीय नियन्त्रण र पहुँचको विषयभन्दा बाहिरको परिस्थितिबस अपवादरूपमा यदाकदा त्यस्तो समाचार प्रकाशन हुन पुगेमा सो समाचारलाई पश्चातापका साथ खेद प्रकट गर्दै यथाशीघ्र चाँडो खण्डन गरी खण्डन गरिएको समाचारलाई उच्च प्राथमिकता दिई पाठकको प्रथम दृष्टि पुग्ने स्थानमा नै सो समाचारलाई प्रकाशन गर्नु वाञ्छनीय देखिएकाले भावी दिनमा यस विषयतर्फ सदा सर्वदा सचेत रहनु भनी विपक्षीहरूलाई निर्देश जारी हुने ।

इजलास अधिकृतः कृष्णप्रसाद सुवेदी

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६७ साल माघ २५ गते रोज ३ शुभम् ।

## इजलास नं. २

१

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६३ सालको रिट नं. ०६३-WO-०४४८, परमादेश समेत, *राजुप्रसाद चापागाई समेत वि. वन तथा भू-संरक्षण मन्त्रालय समेत*

वन्यजन्तुको छाला, हाड सिङ आदिमा अवैध अन्तर्राष्ट्रिय बजारको कारण गैंडा मारिन लागेको

हो । यसको नियन्त्रणको लागि कानूनमा कडा सजाय र कानूनको प्रभावकारी कार्यान्वयन हुनुपर्छ । तर निरोधात्मक उपाय (Preventive Measure) नै बढी महत्वपूर्ण हुन्छ । यसको लागि वन्यजन्तु आरक्ष क्षेत्रमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ४, ५ र ११ को कडा र प्रभावकारी कार्यान्वयन गर्नुपर्छ । ती दफाहरूको कार्यान्वयन त्ससबेला सम्भव हुन्छ, जब ती क्षेत्रमा प्रवेश निषेध गरिन्छ, कामकाजसँग सम्बन्ध नभएको व्यक्तिलाई प्रवेशमा रोक लगाइन्छ, शिकार खेल्न पूर्ण रोक तथा निषेध गरिन्छ र असम्बन्धित व्यक्तिको आरक्षणभित्र प्रवेश निषेध तथा शिकार प्रतिबन्धका लागि आरक्षण क्षेत्रको वरपर नियमित गस्ती गर्ने र कहीं कतै आरक्षणभित्र अनधिकृत प्रवेश गरेमा वा शिकार खेलेमा त्यसमा तुरून्त प्रभावकारी कारवाही गर्नुपर्ने देखिँदा विपक्षीहरूको नाममा निम्नअनुसार आदेश जारी गरिदिएको छः-

१. गैंडाको गणना गर्ने सम्बन्धमा सुझाव समितिले आफ्नो सुझाव नं. २ मा प्रत्येक पाँच वर्षमा गणना गर्ने र अनुगमनको हकमा नियमित अनुगमन गर्ने सुझाव दिएको हुँदा उक्त सुझाव तुरून्त लागू गर्नू ।
२. निवेदकको मागको खण्ड (घ) का सम्बन्धमा यस अदालतबाट निवेदक बाजुद्दिन मियाँ विरूद्ध नेपाल

सरकार भएको २०६४ सालको रिट नं. WO-०३३८ मा विस्तृत विवेचनासहित निर्देशनात्मक आदेश जारी गरिसकेको हुँदा यस निवेदनमा थप आदेश गर्न परेन ।

३. निवेदकको मागको खण्ड (च) को सम्बन्धमा सुझाव समिति मौन देखियो । उक्त कुरा नीतिगत कुरा हो । तर पनि आरक्षण क्षेत्रभित्र मानव सृजित आवाज र मानव सृजित आवाजको कारण ध्वनी प्रदूषित हुन हुँदैन । मानव सृजित आवाजले आरक्षणको शान्त वातावरण खलबलिने मात्र होइन वन्यजन्तुको रहन सहन र Reproduction (प्रजनन) लाई असर पार्दछ । तसर्थ यसको लागि आरक्षण क्षेत्रभित्र कुनै प्रकारको ध्वनि प्रदूषण हुने साधन तथा हातहतियार लिईभित्र प्रवेश गर्न रोक लगाउनु र आरक्षण क्षेत्रभित्र हल्ला प्रतिवन्ध लगाउनू ।

४. निवेदन मागको खण्ड (च), (छ) र (ज) को कुरा नीतिगत विषय हुँदा त्यस्ता नीतिगत विषयमा यस अदालतले आदेश गर्दैन । तथापि ती मागका सम्बन्धमा सरकारले नीतिगतरूपमा क्रमशः सम्बोधन गर्दै जानेछ भन्ने कुरा यस इजलासले विश्वास गर्छ ।

५. रिट निवेदनमा अन्य मागका सम्बन्धमा प्रचलित ऐन र यस अदालतको आदेशअनुसार गठित सुझाव समितिको सुझाव प्रभावकारीरूपमा कार्यान्वयन गर्नु भनी विपक्षीहरूका नाममा निर्देशात्मक आदेश जारी हुन्छ ।

प्रस्तुत आदेश तथा यस अदालतको आदेशअनुसार गठित सुझाव समितिका सुझावहरू कार्यान्वयन गरी सो कार्यान्वयनको विवरण एवं प्रगति प्रत्येक आर्थिक वर्षको अन्त्यमा कम्तीमा ३ वर्षसम्म यस अदालतलाई समेत दिनु भनी विपक्षीहरूको नाममा निर्देशात्मक आदेश समेत जारी हुने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६७ साल असोज २१ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६७ सालको रिट नं. ०६७-WH-००१३, बन्दीप्रत्यक्षीकरण, *श्रीमती जुनु रञ्जितकार वि. गृह मन्त्रालय समेत*

कुनै पनि व्यक्तिउपर कुनै अपराधमा जाहेरी परेपछि त्यस्ता व्यक्तिलाई पक्राउ गरी पक्राउ गर्नुको कारणसहितको सूचना दिई बाटाको म्यादबाहेक २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराई सो अधिकारीको आदेशअनुसार हिरासतमा राखी मुद्दाको अनुसन्धान गर्नु प्रहरीको काम कर्तव्य नै हो । यसरी प्रहरी कार्यालयका कर्मचारीले कानूनबमोजिम कसैलाई पक्राउ गरी मुद्दा हेर्ने अधिकारीको अनुमति लिई हिरासतमा राखी अनुसन्धान गरेको अवस्थामा त्यस्ता व्यक्तिको स्वतन्त्रताको हक हनन् भयो भन्न नमिल्ने ।

मनिन्द्रलाल रञ्जितकारलाई ठगी मुद्दामा अनुसन्धान गर्नको लागि कारणसहितको पूर्जी दिई कानूनबमोजिम काठमाडौं जिल्ला अदालतबाट हिरासतमा राख्न अनुमति लिई महानगरीय प्रहरी परिसरले हिरासतमा राखेको देखिँदा उक्त हिरासतलाई गैरकानूनी भन्न नमिल्ने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम
कम्प्युटरः बिपनादेवी मल्ल
इति संवत् २०६७ असोज २१ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६५ सालको फौ.पु.नं. CR-०५३१, बढुवाका लागि झूट्टा प्रमाणपत्र पेश गरेको, *सुनीता श्रेष्ठ वि. नेपाल सरकार*

विहार संस्कृत शिक्षा बोर्डको विवरण हेर्दा सुनीता श्रेष्ठको कूल प्राप्ताङ्क ४८५ उल्लेख भएको देखिन्छ । यी पुनरावेदकले नोकरी क्रममा पेश गरको लब्धाङ्कपत्रमा कूल योग ५३५ उल्लेख भएकोमा निजको प्रमाणपत्रको Verification (जाँचबुझ) गर्दा उल्लेख भएको कूल प्राप्ताङ्क ४८५ देखिई निजले पेश गरेको प्रमाणपत्रको नक्कली भएको देखिने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम
कम्प्युटरः मणि+बेदना
इति संवत् २०६७ साल असोज १० गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६७ सालको रिट नं. ०६७-WO-०३९५, उत्प्रेषण परमादेश समेत, *सुनीलरञ्जन सिंह वि. नेपाल संस्कृत विश्वविद्यालय, सेवा आयोगको कार्यालय बेलझुण्डी दाङ*

संविधान लागू भएको ३ वर्ष नाघी सक्दा पनि विपक्षी विश्वविद्यालयको संविधानको धारा ३३ (घ१) को व्यवस्था अनुकूलको नियमपछि बनाई सो नियम बनाउनुभन्दा अघि नै विज्ञापन प्रकाशित गर्ने गरेको कार्यले उक्त धारा ३३(घ१) मा उल्लिखित वर्गहरूले समावेशी व्यवस्थाअन्तर्गतको पदमा संवैधानिक व्यवस्थाको भावना र मर्मविपरीत सुविधायुक्त वर्गसँग प्रतिष्पर्धा गर्न पर्नाले यस प्रकारका वर्गको उल्लिखित मौलिक हक हनन् हुने देखिन्छ । तसर्थ विपक्षीहरूद्वारा प्रकाशित विज्ञापन बदर गरिदिएको छ । अब त्यस विश्वविद्यालयको शिक्षक कर्मचारी सेवा शर्तसम्बन्धी नियमावली २०६७ को नियम ६.२ मा छुट्ट्याइएको वर्गहरूलाई उनीहरूकै वर्गमा प्रतिष्पर्धा गर्न पाउने गरी पुनः विज्ञापन गर्नु भनी परमादेश जारी हुने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

कम्प्युटरः मणि+बेदना

इति संवत् २०६७ साल मंसिर ७ गते रोज ३ शुभम् ।

५

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या. प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६६ सालको रिट नं. ०६६-WO-१०००, उत्प्रेषणयुक्त परमादेश समेत, *रोहिणीराज चिलुवाल वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

सरकारको नीतिगत विषयमा कर्मचारीहरूले खाइपाई आएको सेवा सुविधामा मर्का नपर्ने वा कम नहुने गरी समेत सरकारको समय समयमा सुधार र परिमार्जन गर्न सक्ने नै हुँदा सरकारको यस्तो नियमित र नीतिगत विषयमा यस अदालतले हस्तक्षेप गर्न हुँदैन । यो शक्ति पृथकीकरणको सिद्धान्त नै हो । सरकारका कुन तहका कर्मचारीको तलवमान के कस्तो कायम गर्नुपर्छ भन्ने कुरा कानूनका मान्य सिद्धान्तका आधारमा सरकार स्वयंले निर्धारण गर्ने नीतिगत कुरा हो । यसमा अदालतले हस्तक्षेप गर्न नहुने ।

इजलास : उपेन्द्रप्रसाद गौतम

कम्प्युटर : बेदना अधिकारी

इति संवत् २०६७ साल पुस १३ गते रोज ३ शुभम् ।

६

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या. प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६६ सालको रिट नं. ०६६-WO-०७६५, उत्प्रेषणयुक्त परमादेश, *कुमारी ममता वि. गुप्ता जनता प्राथमिक विद्यालय कुस्मा गा.वि.स. नवलपरासी समेत*

महिला राहत कोटा वर्तमान समावेशी सिद्धान्तअन्तर्गत महिलाहरूको सशक्तीकरणको लागि छुट्ट्याएको पद हो । यसरी राज्यले महिलाहरूको सशक्तीकरणको लागि छुट्ट्याएको पद यथाशीघ्र पूर्ति गर्नुपर्ने दायित्व र कर्तव्य विपक्षीहरूले समयमै पूरा गर्नुपर्छ । तबमात्र यसको सार्थकता पूरा हुन्छ । साथै विद्यालय सयौं विद्यार्थीहरूको भविष्य निर्माण गर्ने संस्था र शिक्षक, विद्यार्थीहरूको भविष्य निर्माता भएको कारणले त्यस्तो विद्यालयको शिक्षक पद लामो समयसम्म पदपूर्ति नगरी रिक्त राख्दा विद्यार्थीहरूको भविष्यमा बाधा पुग्दछ । यो सामान्य जानकारीको कुरा हो । त्यसकारण यस्तो पद रिक्त नराखी यथाशीघ्र चाँडो पूर्ति गर्नुपर्छ । त्यसमा पनि प्रस्तुत महिला शिक्षक राहत कोटा पिछडिएका र सीमान्तकृत वर्गमा पर्ने महिलाको सशक्तीकरणको लागि छुट्ट्याइएको पद हुँदा जति सक्दो चाँडो पूर्ति गर्नुपर्ने राज्यका सम्बन्धित निकायको संवैधानिक कर्तव्य हुँदा उल्लिखित पद यथाशीघ्र पूर्ति गर्नु, पूर्ति गर्ने व्यवस्था मिलाउनु भनी सो हदसम्म विपक्षीहरूको नाममा परमादेश जारी हुने ।

इजलास : उपेन्द्रप्रसाद गौतम

कम्प्युटर : बिपनादेवी मल्ल

इति संवत् २०६७ साल पुस १३ गते रोज ३ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री रणबहादुर बम,** २०६४ सालको दे.पु.नं. ९७०, अंश हक कायम चलन, *बसन्तकुमार श्रेष्ठ वि. अरूणकुमार चौधरी*

अंश र दान बकसबाट प्राप्त जग्गाको हैसियत फरक-फरक रहेको हुन्छ । अंशको सम्पत्ति कसैलाई बेचबिखन, दान दातव्य गरिदिँदा अन्य हकवालाको मञ्जूरीको आवश्यकता हुन अनिवार्य हुन्छ । अन्यथा उजूर गर्ने हकवालाको हक जति बदर हुने सम्मको स्थिति उत्पन्न हुन जान्छ भने दान वा बकसपत्रबाट प्राप्त सम्पत्तिमा सम्पत्ति प्राप्त गर्नेको निरपेक्ष अधिकार हुने ।

इजलास अधिकृतः खड्ग अधिकारी

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६७ साल कात्तिक १४ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री रणबहादुर बम,** २०६३ सालको दे.पु.नं. १०८९, अंश चलन, *नारायण थारू वि. कजलीदेवी थारू समेत*

तोताकुमारी र नारायण थारू एकासगोलका अंशियार रहेका, उक्त जग्गा तोताकुमारीले नारायणलाई राजीनामा पारीत गरिदिँदा वादीमध्येकै कजलीदेवी र खुदनलालको मञ्जूरी वा निजहरूलाई राजीनामा कागजमा साक्षी राखेको नदेखिएको, यस्तो अवस्थामा एकासगोलका नाममा रहेको सम्पत्ति तोताकुमारी बाहेक अन्य अंशियारका बीच बण्डा लाग्ने नै देखिने ।

पुनरावेदक प्रतिवादीका नाउँ दर्ताको कि.नं. ५६२, ५६४ का जग्गा मोहीबापत प्राप्त गरेको स्पष्टरूपमा देखिएको हुँदा उक्त दुई कित्ता जग्गा बण्डा नलाग्ने गरी फैसला गर्नुपर्नेमा अंशियारहरूबीच बण्डा लाग्ने ठहऱ्याएको हदसम्म पुनरावेदन अदालतको फैसला नमिलेको हुँदा केही उल्टी हुने ।

इजलास अधिकृतः खड्ग अधिकारी
कम्प्युटरः निर्मला भट्ट
इति संवत् २०६७ साल कात्तिक १७ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री प्रकाश वस्ती,** २०६३ सालको दे.पु.नं. ८८६६, अपुताली हक कायम नामसारी, *भविश्वर ढकाल वि. ब्यामनारायण ढकाल समेत*

मृतकका पति शोभाखर ढकालले आफ्नो श्रीमतीको स्याहार सम्भार औषधिउपचार काजक्रिया सबैले गरेका र खर्च पनि सबैले व्यहोरेको भनी अदालतसमक्ष बकपत्र गरिदिएको हुँदा बाबुले गरेको उक्त बकपत्रलाई अन्यथा भन्न नमिल्ने भएकोले गौरीदेवीका नाउँ दर्ताको कि.नं. १३७९ नं. को घर जग्गा वादी प्रतिवादी सबैजनाले बराबर खान पाउने नै देखिन्छ । वादी प्रतिवादी मृतक गौरीदेवीका हकवाला छोराहरू भएसम्म अन्यले अपुताली पाउने अवस्था देखिन नआउने ।

इजलास अधिकृत : खड्गराज अधिकारी
कम्प्युटर : विश्वराज पोखरेल
इति संवत् २०६७ साल मंसिर १३ गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री प्रकाश वस्ती,** २०६३ सालको दे.पु.नं. ०६३-CI-०२०८, *CI-०२०९*, निर्णय बदर हक कायम, *ठूलीमाया तामाङ्ग वि. कुलदीपराज* कडेल, *कुलदीपराज कडेल वि. ठूलीमाया तामाङ्ग*

तेरो मेरो परेको स्थितिमा वादीका प्रमाणसरह नै प्रतिवादीका प्रमाणको परीक्षण हुनुपर्दछ । बिना भोग बीसौं वर्षपछि एउटा पोता रसीदकै आधारमा सार्वजनिक प्रकृतिको देखिएको जग्गा प्रतिवादीको हकको भनी पुनरावेदन जिकीरलाई स्वीकारी निजको ठहऱ्याउन समेत नमिल्ने ।

पुनरावेदक वादी एवं प्रतिवादी दुबैको विवादित जग्गामा हक कायम गरिपाऊँ भन्ने दावी तथा जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृत : खड्गराज अधिकारी
कम्प्युटर : विश्वराज पोखरेल
इति संवत् २०६७ साल मंसिर १३ गते रोज २ शुभम् ।

५

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री प्रकाश वस्ती,** २०६२ सालको दे.पु.नं. ८७३६, निर्णय दर्ता बदर हक कायम, *मु.स. गर्ने कमललक्ष्मी अमात्य वि. पशुपतिबहादुर श्रेष्ठ समेत*

वादीले भनेको जग्गाहरू वादीको पोता रसीदसँग भिड्न आएको देखिएन । यी पुनरावेदक वादीका दाजु कृष्णभक्त अमात्यले आफ्नो दावी प्रमाणित गर्न नसकेको भनी मा.पो.का. ललितपुरमा २०५३।११।२७ मा प्रतिवादीमध्येका पशुपतिबहादुर श्रेष्ठ, बैकुण्ठबहादुर श्रेष्ठ, ईश्वरबहादुर श्रेष्ठ समेतलाई हकदावी छाडी दिएको अवस्था यथावत

छ । किसानको व्यहोरामा जनिएका अन्य व्यक्तिहरूले विवादित जग्गाका सम्बन्धमा कुनै दावी उजूर गरेको पनि देखिँदैन । कुत कबुलियतनामा र कुत बुझाएका भरपाईलाई अ.वं. ७८ नं. बमोजिम वादीलाई सुनाउदा कीर्ते जालसाजी भनी दावी लिन सकेको अवस्था नहुँदा देखिएसम्मका आधार प्रमाणबाट विवादित जग्गा वादीको हक भोगको भै वादीको हक कायम हुन सक्ने देखिन आएन । यस्तो स्थितिमा वादी दावी पुग्न नसक्ने ।

इजलास अधिकृत : खड्गराज अधिकारी
कम्प्युटर : निर्मला भट्ट
इति संवत् २०६७ साल मंसिर १३ गते रोज २ शुभम् ।

६

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री प्रकाश वस्ती,** २०६२ सालको दे.पु.नं. ००५७, १०६०, ७१३, अंश चलन, *लक्ष्मीनारायण महर्जन वि. रोशन महर्जन समेत, पञ्चकुमारी महर्जन समेत वि. दशनारायण महर्जन समेत, रोशन महर्जन समेत वि. दशनारायण महर्जन समेत*

कि.नं. ५३२ को जग्गा प्रतिवादी पञ्चकुमारी समेतले अंशियार बाहेक तेस्रो व्यक्तिबाट निजी तवरले रिझबापत् बकस पाएको देखियो । लिखत रकम दिनु लिनु गरी राजीनामा नै गरिए पनि लिखत पारीत गर्दा बकस दिएको भन्न र प्रमाणित गर्न वादी पक्षले सकेको नदेखिदा सो लिखतलाई बकसपत्र नै मान्नुपर्ने भई मुलुकी ऐन सातौ संशोधन पछि प्राप्त भएबाट अंशबण्डाको संशोधित १८ नं. को परिप्रेक्ष्यमा हेरिँदा उक्त जग्गासम्म निजी ठहरी बण्डा नलाग्ने ।

कि.नं. ३९६ को जग्गा लक्ष्मीकुमारी महर्जनबाट प्रतिवादी लक्ष्मीनारायण महर्जनले मिति २०५७।१।१६ मा हालैदेखिको बकसपत्रबाट पाएको देखिए पनि वादी प्रतिवादीहरू सगोलमा रहँदाको अवस्थामा एकाघरको घरतर्फकी हजुरआमाबाट बकस पाएको देखिएबाट त्यस्तो पैतृक सम्पत्ति एकाघरको अंशियारमध्ये एकाको नामबाट अर्को अंशीका नाममा बकसबाट आएकै भरमा त्यस्तो सम्पत्ति पाउनेको निजी ठहरी बण्डा नहुने भन्नु न्यायसंगत नहुने ।

इजलास अधिकृतः कमलराज विष्ट

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६७ साल मंसिर ६ गते रोज २ शुभम् ।

७

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री प्रकाश वस्ती,** २०६३ सालको दे.पु.नं. ६१०, जग्गा खिचोला चलन, *रामविश्वास राय यदव वि. पार्वती सोनारनी*

प्रतिवादीको नाममा कि.नं. ५३३ मा दर्ता स्रेस्ताअनुसार ०-०-१० क्षेत्रफल रहेकोमा प्रतिवादीको भोगमा देखाइएको न.नं. ६ र ६क को क्षेत्रफल जोड्दा निजको भोगमा ०-०-१३-११ क्षेत्रफल जग्गा देखिएको छ भने वादीको नामको कि.नं. ५३४ मा ट्रायलचेकबाट ०-०-१२३/४ क्षेत्रफल रहे भएकोमा नक्सा मुचुल्काको न.नं. ७ र ८ग मा जम्मा ०-०-५-७१/२ क्षेत्रफल देखिन आउँछ । यसबाट प्रतिवादीको नाममा दर्ता स्रेस्ताभन्दा बढी र वादीको नाममा कायम भएको दर्ता स्रेस्ताभन्दा कम देखिन आउनुको अतिरिक्त सर्भे नक्साको आकृति प्रकृतिसँग अदालतबाट भई आएको नक्सा मुचुल्काअनुसारको भोगको आकृति प्रकृति समेत आपसमा मेल खाएको देखिन आएन । त्यसकारण न.नं. ६क को विवादित ०-०-५ क्षेत्रफल सबै वादीकोमा जोड्दा प्रतिवादीको जग्गा घटी हुन आउने हुँदा न.नं. ६क को प्रतिवादीको भोगमा रहेको ०-०-५-५ मध्ये ०-०-३-११ जग्गासम्म वादीको देखिने ।

इजलास अधिकृतः कमलराज विष्ट

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६७ साल मंसिर ६ गते रोज २ शुभम् ।

८

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री प्रकाश वस्ती,** २०६४ सालको दे.पु.नं. १२३७, निषेधाज्ञा, *माकु भुजेल मगर्नी वि. रामभक्त श्रेष्ठ*

निवेदन दावीको कि.नं. २८४ को घर जग्गामा निवेदकको घर बसोवास भएको देखिएको, उक्त जग्गामा विपक्षी माकु भुजेल समेतले दायर गरेको हक कायम गरी घर उठाई चलन मुद्दाबाट समेत आफ्नो नाममा हक कायम गराउन नसकेको तथा उक्त जग्गा मालपोत कार्यालयबाट आफ्नो नाममा दर्ता गरी नामसारी गराउन सकेको समेत नदेखिदा उक्त जग्गामा निजको हक रहेको भन्ने नदेखिई निवेदकको बसोवास भएको देखिँदा निजलाई उक्त घरबाट कानूनबमोजिम बाहेक निकाला नगर्नु भनी निषेधाज्ञाको आदेश जारी हुने ।

इजलास अधिकृतः कमलराज विष्ट

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६७ साल मंसिर ६ गते रोज २ शुभम् ।

९

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री कमलनारायण दास,** २०६६ सालको CI-०४६०, अंश, *कान्छीमायाँ तामाङ्ग समेत वि. श्रीमाया तामाङ्ग*

वादी अघि नै बाबुको पालामा नै अलग भिन्न भइसकेको र वादी मानबहादुरले पिता भीमबहादुरको जीवनकालमा नै पैतृक सम्पत्तिबाट ०-४-० जग्गा अंश पाई उक्त अंश पाएको जग्गा टेकनाथ घिमिरेलाई बिक्री गरेको देखिएको तथा मानबहादुरको छोरा सिद्धिलाललाई समेत सोही मितिमा वादीको बाबु भीमबहादुरले आफ्नो नामको जग्गाबाट ०-१६-१६१/२

जग्गा बकसपत्र पारीत गरी व्यवहार मिलाई दिएको देखिन आएको छ । यसबाट वादी आफ्नो बाबुबीच नै अलग भिन्न भई स्वतन्त्ररूपमा आफूले पाएको अंश भागको जग्गा भोगचलन गरी आफ्नै हिसाबले जग्गा खरीद बिक्री गरी बिक्री व्यवहार गरेको देखिएको अवस्थामा यी प्रतिवादीबाट वादीले अंश लिन बाँकी रहेको नदेखिने ।

इजलास अधिकृतः कमलराज विष्ट

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६७ साल पुस ७ गते रोज ४ शुभम् ।

## इजलास नं. ४

१

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६५ सालको दे.पु.नं. ०६५-CI-०५०२, नापी निर्णय दर्ता बदर, *सुरेश चन्द्र लाखे वि. नेपाल सरकार*

प्रतिवादीले विवादित कि.नं. ४९ को ०-०-४-१ जग्गा आफ्नो साविक रै.नं. २९८ भित्रको जग्गा हो भनी भने तापनि सो पुष्टि हुने भरपर्दो प्रमाण पेश गर्न नसकेको तथा अदालतबाट भई आएको नक्सा मुचुल्काबाट उक्त जग्गा प्रत्यर्थी वादी तत्कालीन यातायात संस्थान हाल नेपाल सरकारको रेलवेभित्रको जग्गा देखिन आएको समेतका आधार प्रमाणबाट तत्कालीन नेपाल यातायात संस्थान हाल नेपाल सरकारका नाममा दर्ता हुने ।

इजलास अधिकृतः रामप्रसाद शर्मा

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६७ साल पुस १८ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६५ सालको दे.पु.नं. ०६५-CI-०७५८, जग्गा खिचोला घर उठाई चलन, *गंगेश्वरीदेवी चौधरी वि. सोनादेवी धामी*

प्रतिवादी गंगेश्वरीदेवी चौधरीले विवादित जग्गामा २०४५।४६ सालदेखि नै बनेको घरमा बसोवास गर्दै आएकोले घर बनाउनेको ११ नं.मा उल्लिखित हदम्यादभित्र फिराद नपरेको आधार लिई शुरू फिराद नै खारेज हुनुपर्ने जिकीर लिएको भए तापनि मिसिल संलग्न दर्ता स्रेस्ता हेर्दा कि.नं. ६८१ को जग्गा २०५६।११।१६ मा मात्र यी पुनरावेदक प्रतिवादी गंगेश्वरी देवीका नाममा कायम हुन आएको देखिएकोले उक्त जग्गामा २०४५।४६ सालमै घर बनाई भोग गरी आएको भन्ने प्रतिउत्तर तथा पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः रामप्रसाद शर्मा

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६७ साल पुस १८ गते रोज १ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६६-CI-१०५६, २०६७-CI-०१८९, २०६७-CI-०३७३, अंश चलन, *जयराम पुरी वि. कृष्णकुमारी पुरी, कृष्णकुमारी पुरी वि. केशर पुरी समेत, केशर पुरी वि. कृष्णकुमारी पुरी*

अंश छोडपत्र लिखतमा उल्लेख भएको तथ्यभन्दा पृथक जिकीर यी विपक्षीले लिन मिल्ने हुँदैन र अंशियार पक्षहरूले स्वीकार गरेभन्दा घटी वा बढी हुने गरी अंश पाउँछ भनी अदालतले ठहऱ्याउन मिल्दैन । यस्तो अवस्थामा उक्त अंश छोडपत्रमा उल्लेख भएबमोजिम यी प्रतिवादी जयराम पुरी आमा कृष्णकुमारीसँग बस्ने भन्ने उल्लेख भएको देखिँदा यी वादी र प्रतिवादी जयराम पुरी समेत एकासगोलमा रहेको देखिँदा २ अंशियार कायम गरी २ भागको १ भाग अंश हक पुनरावेदक वादीले पाउने ।

इजलास अधिकृतः हरिश्चन्द्र इङनाम

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६७ साल मंसिर २९ गते रोज ४ शुभम् ।

- यसै लगाउको २०६६-CI-१०५७ दा.खा. *जयराम पुरी वि. कृष्णकुमारी पुरी* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

२

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** ०६५-CR-०७०२, झूट्टा व्याहोरा लेखाई नागरिकता लिन खोजेको, *विन्देश्वर साह ठाकुर वि. नेपाल सरकार*

कुनै विदेशी व्यक्तिलाई नेपालको नागरिक हो भनी सिफारिश गरेको नभई नेपालको नागरिकलाई नै नागरिकताको लागि सिफारिश गरेको र सो गर्दा बाबुको नामसम्म फरक परेको र सो फरक सर्जमीनका व्यक्तिहरूको कथनको आधारमा रहेकोले निजले असल नियतले गरेको कार्यबाट कसूरजन्य अन्य कार्य हुन गएकोले कसूरको मात्रा अन्य प्रतिवादी सरह रहेको देखिन आउँदैन । यस्तो अवस्थामा आफ्नो बाबुको नाम जानी जानी फरक पारी नागरिकता लिन खोज्ने अन्य प्रतिवादी सरह समान मात्रामा कैद सजाय गर्ने ठहर्‍याएको सर्लाही जिल्ला अदालतको इन्साफ सदर गर्ने गरेको पुनरावेदन अदालत जनकपुरको फैसला त्रुटिपूर्ण हुँदा सो हदसम्म उक्त फैसलाहरू केही उल्टी हुने र सर्जमीनमा बसी आफ्नो भनाई लेखाउने अन्य प्रतिवादीहरूलाई रू.१५००।- जरीवाना हुने गरी फैसला भएको देखिएकोले सो सर्जमीनबमोजिमको आधारमा सिफारिश गर्ने यी पुनरावेदक प्रतिवादी विन्देश्वर ठाकुरलाई पनि रू.१५००।- जरीवाना हुने ।

इजलास अधिकृतः पुष्पराज थपलिया

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६७ साल पुस १२ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री प्रेम शर्मा,** २०६२ सालको रिट नं. २६३६, उत्प्रेषण मिश्रित परमादेश, *भरत गिरी हसिरप्रसाद चौलागाई समेत*

फैसलामा घर बरण्डा, घरले चर्चेको आँगन समेत प्रतिवादीको भोगमा रहेको र सोमा २०२९ सालदेखि नै प्रतिवादीले घरवास गरी आएको र सो घर र घरले चर्चेको उक्त जग्गाबाहेक मात्र वादीले चलन पाउने भनी उल्लेख भएकोमा जम्मा ०-०-१० धुर जग्गाबाहेक बाँकी जग्गा चलन चलाएको उक्त २०६२।१।१७ को मुचुल्काबाट देखिँदा सो कार्य उक्त फैसलाअनुकूल नभएको हुँदा सो चलन चलाई दिनेसम्बन्धी कार्य त्रुटिपूर्ण देखिँदा सो कार्य उक्त २०६२।१।१७ को मुचुल्काबाट देखिँदा सो कार्य उक्त फैसलाअनुकूल नभएको हुँदा सो चलन चलाई दिनेसम्बन्धी कार्य त्रुटिपूर्ण देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर नभएको हुँदा सो चलन चलाई दिनेसम्बन्धी कार्य त्रुटिपूर्ण देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ । अब यी निवेदक प्रतिवादीले २०२९ सालदेखि बनाई भोग गरेको घर र सो घरले चर्चेको ०-०-१० धुर जग्गाबाहेकको बाँकी जग्गा क्षेत्रमात्र प्रतिवादीलाई चलन चलाई दिनु भनी परमोदश समेत जारी हुने ।

इजलास अधिकृत : हरिश्चन्द्र इङ्गनाम

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०६७ साल मंसिर २७ गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री सुशीला कार्की,** २०६५-CR-०५५५, अदालतको अपहेलना, *मदन साह तेली समेत वि. चन्दीकाप्रसाद साह तेली*

अदालतबाट भएको आदेश पालना गर्नु सबैको कर्तव्य हुन्छ । अदालतको आदेश पालना नगर्ने हो भन्ने न्यायिक निकायबाट भएका फैसला वा आदेश केवल कागजमा मात्र सीमित हुन पुग्छन् र फलस्वरूप अदालतप्रतिको जनविश्वास झनै घटेर जान्छ । प्रस्तुत मुद्दामा यी पुनरावेदकहरूले पुनरावेदन अदालतबाट भएको अन्तरिम आदेशविपरीत गरी निर्माण कार्य नरोकेको हुँदा त्यस्तो कार्यबाट अदालतको अपहेलना हुने ।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६७ साल मंसिर २३ गते रोज ५ शुभम् ।

५

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री सुशीला कार्की,** २०६५-CI-०६४०, निषेधाज्ञा, *मदनलाल साह तेली समेत वि. चन्द्रिकाप्रसाद साह तेली*

विवादित जग्गामा निर्माण कार्य गर्न लागेको भन्ने कुरा मिसिल संलग्न नाप नक्सा मुचुल्का समेतबाट देखिएपनि निर्माण कार्य गर्न भने सम्पन्न भइसकेको नदेखिएको र यस्तो आशंकाको स्थिति र अवस्थामा दावीको जग्गामा विपक्षीहरूका नाममा निषेधाज्ञाको आदेश जारी गर्न न्यायसंगत नै हुने हुँदा सो जग्गामा कुनै निर्माण कार्य नगर्नु भनी विपक्षीहरूका नाममा निषेधाज्ञाको आदेश जारी हुने ।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६७ साल मंसिर २३ गते रोज ५ शुभम् ।

६

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती,** २०६५-WO-०४८१, उत्प्रेषणयुक्त परमादेश समेत, *पन्तेभाई महर्जन वि. प्रेमप्रसाद सुवेदी समेत*

निजामती सेवा ऐन, २०४९ को दफा २४(३) मा सम्भाव्य उम्मेदवारको कार्यसम्पादन मूल्याङ्कनबापत अङ्क गणना गर्दा आषाढ मसान्तसम्मको हिसाबले र अन्य अङ्कको गणना गर्दा बढुवाको दरखास्त दिने अन्तिम म्यादसम्म हासिल गरेको अङ्क गणना गरिनेछ भन्ने व्यवस्था भएकोले २०६५।३।१७ गते प्रकाशित बढुवा विज्ञापनमा दरखास्त दिने ३० दिने म्याद २०६५।४।१६ सम्म हुने भएकोले सो अवधिमा संशोधित ऐन लागू हुने मिति २०६४।४।१ गतेबाट एक वर्ष पूरा भइसकेको देखिन आएको छ। निवेदकले भनेको राजपत्रमा प्रकाशित मिति २०६४।४।२३ गतेबाट लागू नभई ऐनमा नै २०६४।४।१ गतेबाट संशोधित व्यवस्था लागू हुने कुरा उल्लेख भएकोले सो मितिबाट दरखास्त दिने अन्तिम म्याद २०६४।४।१६ मा एकवर्ष पूरा भइसकेको अवस्थामा संशोधित ऐनको व्यवस्था एक वर्षपछिबाट मात्र लागू हुनुपर्नेमा एक वर्ष नपुग्दै लागू गरी विपक्षीको बढुवा गरेको मिलेन भन्ने विवाद उठाई दावी लिनुपर्नेमा त्यस समय गरेको उजूरीमा सो दावी लिन सकेको छैन। कानूनबमोजिम मौकामा पुनरावेदन गर्दा नउठाइएको वा दावी नलिएको विषय पछि आएर प्रस्तुत रिटमा उठाउनुको कुनै अर्थ हुन्न र उठाइएको भए पनि त्यस विषयमा यस अदालतबाट विचार गर्न नमिल्ने।

इजलास अधिकृत : कृष्णप्रसाद पराजुली
कम्प्युटर : प्रेमबहादुर थापा
इति संवत् २०६७ साल मंसिर २१ गते रोज ३ शुभम्।

७

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री सुशीला कार्की,** २०६५-CI-०६१९, निषेधाज्ञा, *धनराज गुरूङ्ग वि. मोहनमाया गुरूङ्ग*

दावीको जग्गा घरको लिलामसम्बन्धी विषयमा र लेनदेन मुद्दाको फैसला तथा म्याद बदर समेतको दावी लिई कास्की जिल्ला अदालतमा विभिन्न मुद्दा परी विचाराधीन रहेको देखिएको र पुनरावेदकलाई धरपकड, धाकधम्की, हप्की दप्की गरेको होइन भन्ने लिखित जवाफ समेतबाट देखिँदा निवेदकको मागदावीअनुसार निजका विरूद्ध कुनै कार्य नभएको हुँदा निषेधाज्ञाको आदेश जारी गर्न नपर्ने।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली
कम्प्युटरः प्रेमबहादुर थापा
इति संवत् २०६७ साल मंसिर २३ गते रोज ५ शुभम्।

८

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री सुशीला कार्की,** २०६५-CI-०६५१, निषेधाज्ञा, *श्यामलाल गडरिया वि. बुधई गडरिया समेत*

सबूद प्रमाण बुझी न्याय निरोपण गर्न सम्बन्धित अदालतमै जानु पर्नेमा पुनरावेदक निवेदक निषेधाज्ञा मुद्दा लिई पुनरावेदन अदालतमा प्रवेश गरेको हुँदा निर्विवाद हकको अभावमा विवादको जग्गा सम्बन्धमा निषेधाज्ञा मुद्दाको रोहबाट विचार गर्न नमिल्ने।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली
कम्पयुटरः विदुषी रायमाझी
इति संवत् २०६७ साल मंसिर २३ गते रोज ५ शुभम्।

९

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री भरतराज उप्रेती,** २०६६-WO-०३५३, उत्प्रेषण, प्रतिषेध एवं परमादेश समेत, *चित्रबहादुर घर्ती क्षेत्री वि. रत्नमाया विश्वकर्मा समेत*

कानूनबमोजिम साधिकार निकायमा परेका मुद्दामा न्यायिक निरूपण गर्नको लागि अदालतबाट भएका प्रमाण बुझ्ने सम्बन्धी आदेशबाट निवेदकले संविधान प्रदत्त कुन हकमा आघात परेको हो भनी स्पष्ट रूपमा दावी लिन सकेको पाइँदैन। प्रमाण बुझ्ने आदेशबाट संवैधानिक वा कानूनी हक हनन भएको भनी सम्झन मिल्ने हुँदैन। आफ्नो अधिकारभित्र रही त्यस्तो अदालतले गरेको प्रमाण बुझ्ने आदेशलाई यस अदालतको रिट क्षेत्रबाट हस्तक्षेप गर्न नमिल्ने।

इजलास अधिकृत : नारायणप्रसाद पराजुली
कम्प्युटर : प्रेमबहादुर थापा
इति संवत् २०६७ साल पुस २१ गते रोज ४ शुभम्।

१०

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री भरतराज उप्रेती,** २०६६-WO-००४२, अधिकारपृच्छा, *नवराज न्यौपाने समेत वि. उपराष्ट्रपति श्री परमानन्द झा, उपराष्ट्रपतिको कार्यालय समेत*

नेपालको अन्तरिम संविधान २०६३ मा सातौं संशोधन भई २०६६।१०।१७ देखि प्रारम्भ हुने गरी उक्त धारा ३६ झ को उपधारा (२) सशोधित भई उपधारा (३) थप समेत भएको देखिन आउँछ। सो संशोधनबमोजिम उपधारा (२) मा "उपराष्ट्रपतिले

आफ्नो कार्यभार सम्हाल्नु अघि अनुसूची १क को ढाँचामा सरकारी कामकाजको नेपाली भाषामा राष्ट्रपति समक्ष पद तथा गोपनीयताको शपथ लिनुपर्ने छ" भनी तथा उपधारा (३) मा "उपधारा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपराष्ट्रपतिले नेपालमा बोलिने आफ्नो मातृभाषामा शपथ लिन चाहेमा, सोही उपधारा बमोजिमको शपथको ढाँचाको व्यहोरा आफ्नो मातृभाषामा अनुवाद गरी त्यसको एकप्रति शपथ ग्रहणको लागि तोकिएको मिति भन्दा चौबीस घण्टा अगावै राष्ट्रपतिसमक्ष पेश गर्नु पर्नेछ" भन्ने व्यवस्था गरेको छ। संविधानमा भएको उक्त संशोधनपश्चात् निज उपराष्ट्रपतिले संशोधित संविधानको प्रावधानबमोजिम मिति २०६६।१०।२४ मा शपथ ग्रहण गरी सक्नु भई कार्यभार सम्भाली सकेको भन्ने शपथ ग्रहणको प्रतिलिपिबाट देखिएको छ। उपराष्ट्रपतिले शपथ गर्नु भएको देखिने उक्त प्रतिलिपिलाई न्यायिक जानकारीमा लिनुपर्ने।

इजलास अधिकृत : हरिश्चन्द्र इङ्नाम
कम्प्युटर : विदुषी रायमाझी
इति संवत् २०६७ साल मंसिर २६ गते रोज १ शुभम्।

११

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४-WO-०१४५, उत्प्रेषण समेत, *मु.स. गर्ने सानुकान्छी प्रधान वि. ज्ञानलाल महर्जन समेत*

कानूनबमोजिम साधिकार निकायमा परेका मुद्दामा न्याय निरूपण गर्नको लागि अदालतबाट भएका प्रमाण मुकररसम्बन्धी आदेश सो अदालतको आफ्नो अधिकार क्षेत्रभित्र रही गरेको देखिँदा यस अदालतको रिट क्षेत्रबाट हस्तक्षेप गर्न नमिल्ने।

इजलास अधिकृत : नारायणप्रसाद पराजुली
कम्प्युटर : प्रेमबहादुर थापा
इति संवत् २०६७ साल पुस २१ गते रोज ४ शुभम्।

१२

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री तर्कराज भट्ट,** २०६२ सालको दे.पु.नं. ८४९०, निर्णय दर्ता बदर, *ध्रुवबहादुर भण्डारी वि. मु.स. गर्ने एककुमारी पाण्डे समेत*

विवादित कि.नं.१६६ को जग्गाको जग्गाधनी विपक्षी प्रतिवादीहरू रहे भएकोमा विवाद नभएको, पुनरावेदन वादी ध्रुवबहादुर भण्डारीका भाई समेतले मोही नामसारी गरी पाउन निवेदन दिई कारवाही विचाराधीन रहेको हुँदा निज पुनरावेदक ध्रुवबहादुर मात्र उक्त जग्गाको निर्विवाद मोही रहेको भन्ने स्थापित हुन नसकेको, मोहीको हैसियतले यी फिरादी ध्रुवबहादुरको पिता खड्गबहादुरले रैकर परिणत गरी पाऊँ भनी २०४२।१२।१ मा निवेदन दिनु पूर्व नै जग्गाधनीका हैसियतले टीकाराजले २०२७।११।१६ मा निवेदन दिई सोको लाग्ने भूमिकर समेत बुझाई निरन्तर रूपमा कारवाहीमा रहेको भन्ने मालपोत कार्यालयको मिसिल एवं बाली मुद्दाको फिरादपत्र समेतबाट देखिएको र पुनरावेदन अदालतमा परेको पुनरावेदनको म्याद सम्बन्धमा यस अदालतबाट परीक्षण भई अन्तिम भएर रहेको समेतका आधार र कारणहरू समेतबाट दावीको जग्गा प्रत्यर्थी प्रतिवादीहरूका नाममा रै.प. गरी दर्ता समेत गर्ने गरेको मालपोत कार्यालयको निर्णयमा कानूनी त्रुटि रहेको नदेखिने।

इजलास अकि्धकृत : नारायणप्रसाद पराजुली
कम्प्युटर : प्रेमबहादुर थापा
इति संवत् २०६७ साल पुस २६ गते रोज ४ शुभम्।

१३

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री तर्कराज भट्ट,** ०६५-CI-०२९८, नामसारी, *कुमार महर्जन वि. माहिला महर्जन*

मोही नानीबाबुले आफूले कमाई आएका जग्गाहरू कमाउन नसक्ने भई धनबहादुरले कमाउने हुँदा मेरो मोही लगत कट्टा गरी निज धनबहादुरको नाममा कायम गरी पाऊँ भनी मोही छोडपत्र गरी दिएबमोजिम भूमिसुधार कार्यालय काठमाडौंको मिति २०३४।८।१५ को निर्णयबमोजिम कि.नं. २, ३ र ४ को मोही लगत कट्टा गरी प्रत्यर्थी प्रतिवादीका पिता धनबहादुर महर्जनको नाममा मोही कायम गरिएको तथ्य प्रमाणमा आएको उक्त मुद्दाको मिसिलबाट देखिन्छ। सो निर्णयबमोजिम धनबहादुर महर्जनको नाममा उक्त कि.नं. २, ३ र ४ को जग्गाको मोहीयानी प्रमाणपत्र समेत निजले पाइसकेको भनी यी प्रत्यर्थी प्रतिवादी माहिला महर्जनले प्रतिउत्तर साथ आफ्नो बाबुको नामको उक्त मोहीयानी प्रमाणपत्रको प्रतिलिपि पेश गरेको देखिएको छ। यसरी कि.नं. २, ३ र ४ को जग्गामा पुनरावेदक वादीको पिता नानीबाबु महर्जनको मोहियानी निजले नै स्वेच्छाले परित्याग गरी प्रत्यर्थी प्रतिवादीका

पिताको नाममा मोहियानी प्रमाणपत्र समेत तयार भै सकेको अवस्थामा सो जग्गाहरूको मोही नामसारी यी पुनरावेदक वादीको नाममा हुन नसक्ने ।

इजलास अधिकृतः पुष्पराज थपलिया

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६७ साल माघ १४ गते रोज ६ शुभम् ।

१४

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री तर्कराज भट्ट,** ०६६-MS-००१३, अदालतको अपहेलना, *रामअयोध्याप्रसाद अहिर वि. श्रीराम पौडेल समेत*

यस अदालतबाट भएको मिति २०६६।२।११ को फैसला र सो फैसलाबमोजिम गर्नु भनी दण्ड सजायको महलको ४४ नं. बमोजिम बारा जिल्ला अदालतबाट लेखिएको आदेशात्मक पत्र समेत बमोजिम वादीको नाममा जग्गा दा.खा. नामसारी नगरी सोको प्रतिकूल अन्य व्यक्तिको नाममा सो जग्गा दर्ता गर्ने २०६६।९।२१ मा निर्णय गरी अदालतको फैसलाको घोर अवज्ञा गरी कसूरजन्य कार्य गरेको साथै आफ्नो लिखित जवाफमा सो कार्यलाई सही र कानूनअनुकूल ठहर गरी यस अदालतको फैसलाप्रति नै अविश्वास व्यक्त गरेको समेत देखिँदा निजले सर्वोच्च अदालत ऐन, २०४८ को दफा ७ बमोजिम अदालतको अपहेलना गरेको ठहर्छ । सो ठहर्नाले निज विपक्षी प्रमुख मालपोत अधिकृत श्रीराम पौडेललाई सोही ऐनको दफा ७(१) बमोजिम जरीवाना रू.१०,०००।- (दश हजार) हुने ।

इजलास अधिकृतः हरिश्चन्द्र इङ्नाम

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६७ साल फागुन ५ गते रोज ५ शुभम्

## इजलास नं. ६

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रेम शर्मा,** २०६६ सालको CI-०२७७, छूट जग्गा दर्ता गरीपाऊँ, *मालपोत कार्यालय उदयपुर वि. भुनेन्द्र चौधरी*

एउटै कित्ताबाट कित्ताकाट भएका कित्ता जग्गाहरूमा एउटा निवेदकको हकमा प्रमाणको मूल्याङ्कन गरी दर्ता गर्ने निर्णय गरेको र अर्को निवेदकको हकमा निजले पेश दाखिला गरेका प्रमाण तथा भोग गरेको भन्ने दावी रहेको स्थितिमा यस्ता प्रमाणहरू लगायत अन्य बुझ्नुपर्ने आवश्यक प्रमाण समेत समग्र बुझी विपक्षी वादीको साविक दर्ताभित्रको जग्गा हो होइन ती प्रमाणको विवेचना र मूल्याङ्कन गरी छूट जग्गा भनी दर्ता गर्न मिल्ने नमिल्ने भन्ने निर्णयमा पुग्नु पर्नेमा विपक्षी वादीले पेश गरेका प्रमाणको मूल्याङ्कन नै नगरी फिल्डबुकको आधारमा मात्र निर्णय गरेकोलाई कानूनसम्मत भन्न नमिल्ने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६७ साल मंसिर १२ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रेम शर्मा,** २०६३ सालको CI-०११२, CI-१२०९, लेनदेन, *संदिपकुमार अग्रवाल वि. मथुराप्रसाद बजिमय समेत, सरोजनी बजिमय समेत वि. संदीपकुमार अग्रवाल*

व्यापारिक कारोवार गर्ने र लेनदेनको लिखत गरिदिने मुख्य कारणीले आफूले स्वीकार वा कबोल गरेको व्यापारिक कारोवार वा लिखतमा उल्लिखित सम्पत्तिका सम्बन्धमा सगोलका सबै अंशियारको सम्पत्तिबाट भरी भराउ हुन नसक्ने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६७ साल कात्तिक १८ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६६ सालको CR-०१५१, CR-०२२३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. शंकर मगर समेत, टाइगर राई वि. नेपाल सरकार*

प्रतिवादीको वारदातस्थलमा उपस्थिति देखिएको र निजले आफ्नो साथमा छुरासम्म बोकेको देखिन्छ । सो छुरा यी प्रतिवादीले निकाली मृतकमाथि प्रहार गरेको नदेखिई प्रतिवादी धर्मेश भन्ने टाइगर राईले निजको साथको छुरा लिई प्रहार गरेको देखिएको र सो कुरालाई टाइगर राईको बयानबाट पुष्टि र प्रमाणित भएको अवस्थामा निज शंकर मगरलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(४) नं. को कसूर गरेको भन्ने नदेखिए पनि निज प्रतिवादी शंकर मगर वारदात भएको स्थानमा साथमा हतियार लिई उपस्थित रहेको देखिँदा मृतकलाई मार्नमा मतलबमा पसेको पुष्टि हुने ।

वादी पक्षबाट यी प्रतिवादीहरूउपरको दावी शंकारहित तवरबाट पुष्टि गराउन नसकेको अवस्थामा अभियोग दावी लिएको आधारमा शंकाको भरमा दावीबमोजिम कसूर कायम गर्न नमिल्ने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६७ साल साउन २१ गते रोज ६ शुभम् ।

४

**मा.न्या.श्री कल्यान श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** २०६४ सालको दे.पु.नं. ३५६, धर्मलोप, *ज्ञानेन्द्ररत्न तुलाधर वि. रेशमान तुलाधर समेत*

गुठी सञ्चालन गर्ने उद्देश्य र प्रयोजनको निमित्त आफ्नो पूर्खाहरूद्वारा राखिएको यस्तो प्रकृतिको जग्गा मिलापत्रबाट नै हक छुट्टिई सकेको अवस्थामा सोही जग्गाउपर नामसारी दा.खा. समेतको दावी लिई पुनः विवाद सिर्जना गर्नु गुठीको उद्देश्यविपरीत हुने ।

२०५४।१०।१५ को मिलापत्र कायम रहेकै अवस्थामा वादीको हकलाई छुट्टयाई बाँकी राखी प्रतिवादीहरूले आफ्नो गुठी हक जतिमा स्वामित्व नै हस्तान्तरण गरी गुठी जग्गालाई अंश अपुतालीकै जस्तो रूपमा खण्डित गर्न तथा गुठी जग्गालाई आंशिक रूपमा नगदी तथा जग्गामा रूपान्तरण गर्न दिन नमिल्ने ।

इजलास अधिकृतः उद्धव गजुरेल

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६६ साल चैत १० गते रोज ३ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- २०६४ सालको दे.पु.नं. ३५२, दर्ता फारी, *ज्ञानेन्द्ररत्न तुलाधर समेत वि. पूर्णमान श्रेष्ठ*
- २०६४ सालको दे.पु.नं. ३५३, लिखत बदर, *ज्ञानेन्द्ररत्न तुलाधर समेत वि.रेशमान तुलाधर*
- २०६४ सालको दे.पु.नं. ३५५, दर्ता फारी, *ज्ञानेन्द्ररत्न तुलाधर समेत वि. मैखु गुरूङ्ग समेत*
- २०६४ सालको दे.पु.नं. ३५७, लिखत बदर, *ज्ञानेन्द्ररत्न तुलाधर समेत वि. रेशमान तुलाधर*

५

**मा.न्या.श्री कल्यान श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** २०६६ सालको CR-०५५४, कर्तव्य ज्यान, *झकवीर पुन वि. नेपाल सरकार*

प्रतिवादीले दाउराले टाउकोमा हिर्काउँदा मानिस मर्न सक्छ भन्ने ज्ञानको परिणाम जान्न नसक्ने अवस्थाको नदेखिएको र त्यसको कुनै प्रमाण पेश गर्न नसकेको तथा रकम लेनदेनको पुरानो रिसइवी रहेको कारणबाट वारदात घटाई मृतकलाई दाउराले टाउकोलगायत शरीरका विभिन्न भागमा पटक-पटक प्रहार गरेकोबाट मृत्यु भएको यस स्थितिमा पुनरावेदक वादीले भने जस्तो भवितव्यबाट मृत्यु भएको भन्ने अवस्था नदेखिँदा मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिम सजाय हुने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६७ साल साउन १८ गते रोज ३ शुभम् ।

## इजलास नं. ७

१

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय**, २०६७ सालको दे.पु.नं. ००१०, अंश चलन, *मन्दिल श्रेष्ठ वि. महालक्ष्मी श्रेष्ठ*

कि.नं. १६७३ को आधा जग्गा प्रतिवादी पुनरावेदक मन्दिल श्रेष्ठको निजी भए पनि सो कि.नं. १६७३ मा बनेको पूरै घर सगोलको सम्पत्ति भई त्यसमा प्रस्तुत मुद्दाको वादीलगायत सबै अंशियारको अंश हक लाग्ने ।

मिति २०४१।४।५ बकसपत्रबाट कि.नं. १६७३ को आधा जग्गा मन्दिल श्रेष्ठको निजी आर्जनबाट प्राप्त गरेको देखिएबाट सो आधा जग्गामा विपक्षी वादीले अंश नपाउने ।

इजलास अधिकृत : चुरामन खड्का

कम्प्युटर : रानु पौडेल

संवत् २०६७ साल माघ २६ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** २०६२ सालको दे.पु.नं. ८६८२, निर्णय बदर दर्ता, *नारायणप्रसाद पाठक वि. चेतबहादुर दाहाल समेत*

विवादित जग्गाको मोहीहरू विपक्ष प्रतिवादी भएको भनी निजहरूबाट प्रस्तुत भएको जोताहा अस्थायी निस्साबाट निर्विवाद रूपमा प्रमाणित गरेको

छ। साथै गुठियारहरूलाई विपक्षी प्रतिवादीहरूले मोहीको हैसियतले कुतबाली बुझाएको भरपाई समेत प्रस्तुत भएकोलाई यी पुनरावेदक वादीले विवादित जग्गाहरू आफ्नो रैकर भोगाचलनका जग्गा हन् भनी ठोस सबूद प्रमाणबाट पुष्टि गर्न नसकेको हुँदा शुरू दोलखा जिल्ला अदालतको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : चरामन खड्का

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०६७ साल मंसिर २७ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** ०६६-WO-११६३, उत्प्रेषणयुक्त परमादेश, *रमेशप्रसाद ढुङ्गेल समेत वि. लोकसेवा आयोग, केन्द्रीय कार्यालय समेत*

अनुचित बिलम्बको सिद्धान्त (Doctrine of Laches) अनुसार कानूनी उपचार खोज्नको लागि अनुचित विलम्ब गरिएको अवस्थामा यस्तो विलम्बले कानूनी उपचारलाई नै पराजीत गर्ने हुन्छ। रिट क्षेत्राधिकारबाट कानूनी उपचार माग गर्न यथासमयमा अदालत प्रवेश गर्नु पर्दछ। यदि ढिलाई भएको देखिन्छ भने त्यस्तो ढिलाइको आधार कारण र औचित्य निवेदकले पुष्टि गर्न सक्नुपर्दछ। प्रस्तुत रिट निवेदन विलम्ब गरी दायर भएको देखिएको र निवेदकहरूले सो बिलम्बको आधार कारण खुलाउन नसकेको देखिँदा यो रिट निवेदन अनुचित बिलम्ब गरी दायर भएको देखियो। यस्तो रिट निवेदनबाट निवेदन मागबमोजिमको आदेश जारी गर्न नमिल्ने।

इजलास अधिकृत : श्रीप्रकाश उप्रेती

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६७ साल पुस २० गते रोज १ शुभम्।

- यसमा यसै प्रकृतिको ०६६-WO-११६४, उत्प्रेषणयुक्त परमादेश, *घनश्याम कार्की समेत वि.लोकसेवा आयोग, केन्द्रीय कार्यालय समेत भएको* मुद्दामा यसैअनुसार फैसला भएको छ।

४

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** २०६७-WO-००२८, उत्प्रेषणयुक्त परमादेश समेत, *श्रीमती पूर्णदेवी प्रधान समेत वि. ऋण असूली न्यायाधीकरण समेत*

सबै कानूनी प्रक्रिया पूरा भएर गरिएको मूल्याङ्कन न्यायोचित भएन वा त्यसबाट यी निवेदकको कानूनी हकमाथि आघात भएको भन्न मिल्ने होइन। कानूनबमोजिम गरिएको जेथा मूल्याङ्कन र सोही आधारमा लिलाम गरिएको कार्य रिट निवेदकको संविधानप्रदत्त मौलिक हकमाथि आघात परेको भन्ने अर्थ गरी ऋण असूली प्रक्रियालाई निष्प्रभावी गर्ने गरी रिट क्षेत्रबाट यस अदालतले हस्तक्षेप गर्न नमिल्ने।

२०५७ सालमा लिएको ऋण १ वर्षको भाखाभित्र र सो अवधि व्यतीत भएपछि पनि चुक्ता नगरेपछि विपक्षीहरूबाट बैंकको ऋण असूली सम्बन्धमा कानूनबमोजिमको कारवाही गरे गराएको र चार पटकभन्दा बढी म्याद सूचना दिएको पनि मिसिलबाट देखिएकोले आफ्नो दायित्व पूरा नगर्ने यी निवेदकलाई अदालतले सहयोग गर्न सक्ने अवस्था नहुँदा मागबमोजिम आदेश जारी गर्न नमिल्ने।

इजलास अधिकृतः चुरामन खड्का

कम्प्युटरः सरस्वती खड्का

इति संवत् २०६७ साल भदौ २० गते रोज १ शुभम्।

५

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** २०६५ सालको दे.पु.नं. ०४२६, अंश, *कमला श्रेष्ठ वि. धनबहादुर श्रेष्ठ*

प्रतिवादीकी आमा पदममाया श्रेष्ठको मृत्यु भइसकेको अवस्थामा निज प्रस्तुत मुद्दाको मूल अंशियार हुन् वा होइनन् भन्ने विवाद नै समाप्त भइसकेको देखिने।

प्रतिवादीकी आमा पदममाया जीवित नरहेकीले जीवित समान ५ अंशियारहरूबीच तायताती फाँटवारीमा देखिएको सम्पूर्ण सम्पत्तिको ५ भाग लाग्ने देखियो। सोमध्ये एक भाग अंश यी वादीले पाउने।

इजलास अधिकृतः फणिन्द्रप्रसाद पराजुली

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६७ साल माघ ५ गते रोज ४ शुभम्।

६

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४ सालको दे.पु.नं. ०५२७, मु.अ. कर, आन्तरिक राजश्व कार्यालय, *विराटनगर वि. कृष्ण ग्रील एण्ड इञ्जिनियर्स वर्क्स प्रा.लि., विराटनगर*

कर लाग्ने-नलाग्ने वस्तुको कारोवार भएको देखिएमा र त्यसको छुट्टाछुट्टै स्टक बुक राखेको नदेखिएको अवस्थामा करदाताले बिक्री गरेको कूल मूल्यमध्ये कर लाग्ने कारोवारको मूल्यको समानुपातिक तवरबाट हिसाब गरी खरीदमा तिरेको कर कट्टी गर्नुपर्ने ।

इजलास अधिकृतः फणिन्द्रप्रसाद पराजुली

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६७ साल मंसिर ६ गते रोज २ शुभम् ।

७

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६४ सालको दे.पु.नं. ६६९, अंश, *कमला कोरी वि. भगौती कोरी समेत*

बिक्री वितणमा प्राप्त जग्गालाई निजी आर्जनको भन्न नमिल्ने भनी भूमिसम्बन्धी ऐन, २०२१ अनुसार बिक्री वितरणमा प्राप्त गरिएको जग्गा निजी आर्जनको नभई अंशियारहरूमा बण्डा लाग्ने गरी यस अदालतबाट नजीर सिद्धान्त समेत कायम गरिएको छ (नेकाप २०५६, अङ्क ११, पृ.८३३) । उक्त सिद्धान्तसँग असहमत हुने अवस्था छैन। यस आधारमा समेत प्रस्तुत विवादका जग्गा बण्डायोग्य नै देखिने ।

तायदाती फाँटवारीमा पेश भएका सबै जग्गाहरूबाट विपक्षी अंश वादीहरूले बण्डा पाउनु पर्ने नै देखिएको हुँदा शुरू फैसला केही उल्टी गरी २ भागको १ भाग अंश प्रतिवादीको पर सारी बाँकी १ भाग वादीहरूले पाउने ।

इजलास अधिकृत : चुरामन खड्का

कम्प्युटर : मन्दिरा रानाभाट

संवत् २०६७ साल मंसिर २९ गते रोज ५ शुभम् ।

८

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६६ सालको रिट निवेदन नं. ०४१८, उत्प्रेषणयुक्त प्रतिषेध समेत, *ज्ञानबहादुर बुढाथोकी समेत वि. मोहनबहादुर बुढाथोकी समेत*

मुद्दा कारवाहीको क्रममा कानूनबमोजिम मृतकको तर्फबाट मुद्दा सकार गरी मृतकको हकमा भएको फैसलापश्चात् त्यस्तो फैसला कार्यान्वयनको चरणमा कुनै तात्विक परिवर्तन आएको अवस्था

छैन । यस्तो अवस्थामा फैसलामा उल्लिखित स्पष्ट र सोभ्को अर्थ आउने गरी त्यसको कार्यान्वयन गरिनु पर्दछ। यसको अतिरिक्त कार्यान्वयन गर्नुपर्ने मुद्दा अंश मुद्दा नभै अपुताली हक कायम नामसारी भएकोले सो मुद्दाको वादीको मृत्युपछि निजको हक पहिला नै छुट्टी भिन्न भएका अंशियारहरूमा जान सक्दैन । अंश हक जस्तो सबै जीवित अंशियारहरूमा सर्न सक्ने पनि होइन । त्यस्तो हक निजको अपुताली खाने हकदारमा नै जाने हुन्छ ।

इजलास अधिकृतः चुरामन खड्का

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६७ साल मंसिर २६ गते रोज १ शुभम् ।

- यसै प्रकृतिको २०६६ सालको रिट निवेदन नं. ०४१९, उत्प्रेषणयुक्त प्रतिषेध, *राजु बुढाथोकी वि. मोहनबहादुर बुढाथोकी समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

९

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६६ सालको दे.पु.नं. ०२५७, निषेधाज्ञा, *रामसेवक ठाकुर हजाम समेत वि. द्वारिका ठाकुर हजाम*

मोहियानी हक कायम रहिरहेको अवस्थामा सो जग्गाहरूमा जोतभोग गर्ने अधिकार पनि निवेदकको हक मोहीयानी हक रहेको हुन्छ । तर यी पुनरावेदकहरूले निवेदकको उक्त जग्गाहरूमा जोतकोड गर्ने हकाधिकारमा हस्तक्षेप गरी जोत खन गर्न नदिने भनी गरेको काम कारवाहीबाट निवेदकको कानूनप्रदत्त नागरिक अधिकारमा आघात पुग्न जाने देखिएको यस्तो अवस्थामा निषेधाज्ञाको आदेश जारी हुने ।

इजलास अधिकृतः फणिन्द्रप्रसाद पराजुली

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६७ साल माघ ६ गते रोज ५ शुभम् ।

१०

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६६ सालको दे.पु.नं. ००७१, निषेधाज्ञा, *ललनप्रसाद यादव वि. मनोजप्रसाद कुशवाह समेत*

आफ्नो गा.वि.स. क्षेत्रभित्र रहेको सार्वजनिक सडक समेतको संरक्षण र सम्बर्द्धन गर्नु गा.वि.स. को कर्तव्य हुन आउँछ । सोहीबमोजिम सर्भे नक्साअनुसारको बाटो कायम राख्नको लागि गा.वि.स. कार्यालयले उपभोक्ता समितिको गठन गरेको भन्ने देखिन्छ । सो उपभोक्ता समितिले निवेदकको जग्गालाई चापी सडकमा घुसाउने नभई सार्वजनिक बाटो मिची निर्माण

भएका संरचनाहरूसम्म हटाई नक्साअनुसारको सडक कायम राख्ने उद्देश्य राखी उपभोक्ता समितिले गठन गरेको भन्ने देखिन्छ । यसरी नक्साबमोजिमको सडक कायम राख्ने कार्यले निवेदकको कुनै हकाधिकारमा आघात नपुग्ने ।

इजलास अधिकृतः फणिन्द्रप्रसाद पराजुली
कम्प्युटरः मन्दिरा रानाभाट
इति संवत् २०६७ साल माघ ६ गते रोज ५ शुभम् ।

११

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६६ सालको दे.पु.नं. ०७१७, निषेधाज्ञा, *हजारी मण्डल समेत वि. दानबहादुर क्षेत्री*

निवेदकको नाउँ दर्ताको कि.नं. ११२ को जग्गा निजको एकलौटी भोगाधिकार रहेको जग्गा भन्नेमा विवाद छैन । निवेदकको नम्बरी जग्गामा निजको मञ्जूरी बेगर कसैले पनि अनाधिकार हस्तक्षेप गर्न पाउँदैन । प्रस्तुत मुद्दाका विपक्षीहरूले निवेदकको जग्गामा घर बनाउन लागेको नभई आफ्नै जग्गामा घर बनाउन लागेको हो, नाप नक्सा समेत गरिपाऊँ भन्ने समेतको लिखित जवाफ व्यहोरा रहेको देखिँदा यी विपक्षीहरूले आफू बसोबास गरी आएको जग्गामा मात्र घर बनाउन लागेको भन्ने नभई निवेदकको नम्बरी जग्गामा समेत अतिक्रमण हुने गरी घर बनाउन लागेको भनी निवेदकले गरेको आशंकाको स्थिति देखिँदा निवेदकको नाउँ दर्ताको कि.नं. ११२ भित्रको जग्गामा कुनै प्रकारको अतिक्रमण नगर्नु भनी विपक्षीहरूका नाउँमा निषेधाज्ञाको आदेश जारी हुने ।

इजलास अधिकृतः फणिन्द्रप्रसाद पराजुली
कम्प्युटरः मन्दिरा रानाभाट
इति संवत् २०६७ साल माघ ६ गते रोज ५ शुभम् ।

१२

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६६ सालको दे.पु.नं. ०८३१, निषेधाज्ञा, *ज्ञानी यादव वि. जिल्ला प्रशासन कार्यालय, सर्लाही समेत*

प्रहरी कार्यालयले पनि शान्ति सुरक्षाको लागि प्राप्त निर्देशनअनुसार स्थानीय व्यक्तिहरूको रोहबरमा यी दुबै पक्षबीच सामञ्जस्यता र मेलमिलाप गराउने प्रयास गरेकोसम्म भन्ने देखिन्छ । यसरी कुनै नागरिकको निर्विवाद एवं स्थापित हकमाथि कसैले अतिक्रमण गर्ने आशंका भएमात्र निषेधाज्ञा जारी हुने हो । यी निवेदकले निवेदनमा उल्लेख गरेको जग्गामा निजको स्वामित्व आधिकारिकरूपमा स्थापित नै हुन सकेको छैन । विवादित हकको प्राप्ति वा विवादित सम्पत्तिको भोगाधिकार स्थापित गर्ने प्रयोजनको लागि निषेधाज्ञा जारी हुन नसक्ने ।

इजलास अधिकृतः फणिन्द्रप्रसाद पराजुली
कम्प्युटरः मन्दिरा रानाभाट
इति संवत् २०६७ साल माघ ६ गते रोज ५ शुभम् ।

१३

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६६ सालको दे.पु.नं. ०७६५, निषेधाज्ञा, *दिलीप चापागाई वि. हरिकला उपाध्याय*

निवेदिकाको नाउँ दर्ताका निवेदनमा उल्लिखित जग्गाको क्षेत्रफल सम्बन्धमा अदालतमा मुद्दा परी कारवाहीयुक्त अवस्था नै रहेको देखिएकोले अदालतमा परिरहेको सो विवादको निर्क्यौल नभई विवादित स्थलमा कुनै पनि किसिमको निर्माण कार्य गर्नु न्यायोचित हुने देखिँदैन । त्यस्तो विवादित स्थललाई यथावतै राख्नु मनासिव हुने हुँदा अदालतमा परिरहेका उपरोक्त मुद्दाहरूबाट स्वामित्वसम्बन्धी हकको निरोपण हुने नै भएकोले ती मुद्दाहरूको अन्तिम निर्णय नहुँदासम्म निवेदन मागबमोजिमको जग्गामा कुनै किसिमको निर्माण नगर्नु नगराउनु भनी निषेधाज्ञाको आदेश जारी हुने ।

इजलास अधिकृतः फणिन्द्र पराजुली
कम्प्युटरः रानु पौडेल
इति संवत् २०६७ साल माघ ६ गते रोज ५ शुभम् ।

१४

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६५ सालको दे.पु.नं. ०८४८, निषेधाज्ञा, *ओमप्रकाश करूवा वि. जामुन कामत समेत*

विपक्षीहरूले निवेदकको उल्लिखित रकम कि.नं. को जग्गाको पूरै क्षेत्रफल ०-१-६ जग्गामा नै नाला खन्न लागेको भन्ने देखिँदैन । साथै यसरी बनेको सडक तथा नालाले निवेदकलाई समेत प्रत्यक्ष-अप्रत्यक्ष रूपमा फाइदा नै पुग्ने हुन्छ । यसरी निवेदकको सम्पूर्ण जग्गामा पर्ने गरी सडक नाला खनेको भन्ने निवेदन व्यहोराबाट नदेखिएको र विस्तार हुन लागेको सडक नाला सार्वजनिक हितका लागि नै खनी सकिएको भई

निवेदकले आशंका जनाएको कार्य नै सम्पन्न भइसकेको अवस्थामा निषेधाज्ञाको आदेश जारी हुन नसक्ने ।
इजलास अधिकृतः फणिन्द्र पराजुली
कम्प्युटरः मन्दिरा रानाभाट
इति संवत् २०६७ साल माघ ६ गते रोज ५ शुभम् ।

१५

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६६ सालको दे.पु.नं. १००४, निषेधाज्ञा, *नन्दप्रसाद उपाध्याय वि. सिप्रदी कम्पनी लि. शाखा, वीरगञ्ज पर्सा समेत*

निवेदकले प्रस्तुत विवादको सम्बन्धमा जिल्ला अदालतमा मुद्दा दायर गरी सामान्य कानूनी बाटो अवलम्बन गरिसकेको देखिएकोले निषेधाज्ञाको निवेदनबाट विवादित जग्गाको स्वामित्व निर्धारणमा असर पर्ने गरी प्रमाण बुझी निर्णय हुने अवस्था नरहने ।
इजलास अधिकृतः फणिन्द्र पराजुली
कम्प्युटरः मन्दिरा रानाभाट
इति संवत् २०६७ साल माघ ६ गते रोज ५ शुभम् ।

१६

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६६ सालको दे.पु.नं. ०२८४, निषेधाज्ञा, *मचाकाजी महर्जन वि. जिल्ला प्रशासन कार्यालय, बबरमहल समेत*

समाजमा शान्ति सुरक्षा कायम राख्ने प्रमुख दायित्व प्रहरीको रहेको हुन्छ । सो अनुसार शान्ति भङ्ग हुन सक्ने भनी आफू कहाँ प्राप्त भएको जानकारी अनुसार शान्ति भङ्ग हुन नदिनेतर्फ सचेत रहनु प्रहरीको कर्तव्य हुन आउँछ । सोही सिलसिलामा यी पुनरावेदकहरूसँग समेत यथार्थ बुझी सम्भावित अशान्ति नहोस् भन्ने उद्देश्यले छलफल गराई सामञ्जस्यता कायम गराउनको लागि पुनरावेदकलाई प्रहरी प्रभागले सम्पर्क राख्न जानकारीसम्म गराएको कार्यबाट यी पुनरावेदकको नागरिक हकाधिकारमा आघात पर्न सक्ने भन्ने अवस्था नदेखिने ।
इजलास अधिकृतः फणिन्द्र पराजुली
कम्प्युटरः रानु पौडेल
इति संवत् २०६७ साल माघ ६ गते रोज ५ शुभम् ।

१७

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६५ सालको दे.पु.नं. ०४२९, अंशवण्डा लिखत र दर्ता बदर गरी अंश नामसारी गरिपाऊँ, *सुरसती दुसाध वि. पल्टन दुसाध समेत*

प्रतिवादी शंकर दुसाधबाट निजकी श्रीमती वीरमती दुसाधले बण्डा पाएको सम्पत्ति सगोलकै भई वादी प्रतिवादी दुबै पक्षबाट सो सम्पत्ति समेत तायदातीमा उल्लेख भई पेश भएको देखिएकोले उल्लिखित मिति २०६२।७।१४ को र.नं. ४१८४ को बण्डापत्र बदर भई दुबै पक्षबाट प्रस्तुत भएको तायदातीमा उल्लिखित सबै सम्पत्तिबाट २ भागको १ भाग बण्डा वादीले पाउने ।
इजलास अधिकृतः चुरामन खड्का
कम्प्युटरः मन्दिरा रानाभाट
इति संवत् २०६७ साल मंसिर २९ गते रोज ४ शुभम् ।

१८

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६५ सालको दे.पु.नं. ०८९४, जग्गा खिचोला चलन, *रामजी यादव वि. मायानन्द झा समेत*

सर्भे नाप नक्साअनुसार साविक कि.नं. ६९ र प्रत्यर्थीहरूको कि.नं. ६८ जग्गाको आकृति प्रकृतिको अवस्थालाई हेर्दा कि.नं. ६९ र ६८ को बीचमा करीव करीव सोझो रेखाले सीमाङ्कन गरे भएको देखिन आउँछ । पुनरावेदक वादीले दावी जिकीर गरेबमोजिम न.नं. ९ समेत कि.नं. ११९५ को भित्रको मान्ने हो भने कि.नं. ६९, ७० र ६८ को बीचमा भएको सीमाङ्कन रेखा सर्भेभित्रको मान्ने हो भने कि.नं. ६९, ७० र कि.नं. ६८ को बीचमा भएको सीमाङ्कन रेखा सर्भे नाप नक्साको आकृति प्रकृतिभन्दा फरक देखिँदा वादीले दावी जिकीर गरेअनुसार अर्थात् शुरू जिल्ला अदालतले ठहर गरेअनुरूप खिचोला गरे भएको मान्न नमिल्ने ।
इजलास अधिकृत : चुरामन खड्का
कम्प्युटर : मन्दिरा रानाभाट
इति संवत् २०६७ साल माघ २४ गते रोज २ शुभम् ।

१९

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६६ सालको दे.पु.नं. ०५१६, नामसारी, *कामेश्वर पाण्डे वि. कामिनी शाही समेत*

मृतक फूलकुमारीको छोरा नभई यी निवेदक छोरीहरू मात्र रहेको मिसिलबाट देखिँदा र पुनरावेदक प्रतिवादीले पालेको भनी ठोस सबूद प्रमाणको अभावमा

सो कुराको पुष्टि नभएपछि छोरीहरूले नै पालनपोषण गरेको हुनसक्ने स्वतः अनुमान गर्न सकिने हुँदा प्रतिवादीको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृत : चुरामन खड्का

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०६७ साल माघ २४ गते रोज २ शुभम् ।

२०

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६६ सालको दे.पु.नं. ०४४८, जग्गा खिचोला मेटाई अपुताली हक कायम नामसारी, *जगदिशप्रसाद चौधरी वि. ओमप्रकाश चौधरी*

मिति २०५८।७।२२ को बण्डापत्रबाट यी पुनरावेदक वादी जगदिशप्रसाद चौधरी किशुनकुमारीसँग अंश लिई भिन्न भएको र सो लिखतबाट विपक्षी ओमप्रकाश चौधरी किशुनकुमारीसँग सगोलमै रहेको अवस्था हुँदा अपुताली हक कायम गरी पाऊँ भन्ने वादी दावी पुग्न नसक्ने ठहऱ्याएको शुरू फैसला सदर गरेको पुनरावेदन अदालत बुटवलको मिति २०६६।३।१ को फैसला मिलेकै हुँदा सदर हुने ।

इजलास अधिकृतः चुरामन खड्का

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६७ साल माघ २४ गते रोज २ शुभम् ।

२१

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या. प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६६ सालको रिट निवेदन नं. १२९२, उत्प्रेषण, परमादेश समेत, *शेरबहादुर ओली वि. सुन्दरा ओली समेत*

म्याद तामेली जस्तो कानूनी व्यवस्थाको पालना नगरी निवेदकका नाममा वेरीतपूर्वक मिति २०६५।७।२२ मा म्याद तामेल गरी सो म्यादका आधारमा भएको मिति २०६६।७।१० को फैसला समेत प्राकृतिक न्यायको सिद्धान्त तथा प्रचलित कानून तथा संविधान प्रतिकूल भएको देखिन

आउँछ । अर्को पक्षलाई पर्याप्त अवसर नदिई एकपक्षीय रूपमा भएको उक्त फैसलाअनुसार निवेदकलाई कैदमा राख्ने गरेको समेत सम्पूर्ण कामकारवाही गैरकानूनी देखिएकोले यी निवेदकको हकमा भएको उल्लिखित फैसला समेतका कामकारवाही उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

निवेदक शेरबहादुर ओलीलाई कैदबाट तत्काल मुक्त गरी अर्घाखाँची जिल्ला अदालतबाट निवेदकको हकमा बहुविवाह मुद्दा पुनः दर्ता गरी सो मुद्दामा निजको बयान गराई बयानपश्चात् सो अदालतबाटै हुने आदेशअनुसार हुने गरी रिट निवेदकलाई उक्त अदालतमा उपस्थित गराइदिनु भनी हाल निज कैदमा रहेको विपक्षी कारागार कार्यालय र अघाँखाँची जिल्ला अदालत समेतका नाममा परमादेशको आदेश समेत जारी हुने ।

इजलास अधिकृत : चुरामन खड्का

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०६७ साल पुस ३० गते रोज ६ शुभम् ।

२२

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या. प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६३ सालको रिट निवेदन नं. ०८३३, उत्प्रेषण समेत, *देवी संग्रौला वि. पूर्वाञ्चल ग्रामीण विकास बैंक लिमिटेड, प्रशासन तथा जनशक्ति विकास विभाग केन्द्रीय कार्यालय विराटनगर समेत*

निवेदकलाई कारवाही गर्दा बैंकको प्रचलित नियम कानूनद्वारा अख्तियार प्राप्त अधिकारीबाट प्रक्रिया कारवाही भएको भन्ने अवस्था पनि देखिँदैन । यसरी अख्तियार प्राप्त व्यक्तिले नियमानुसारको प्रक्रिया अपनाई कारवाही गरेको देखिएकोले त्यसको तथ्यभित्र प्रवेश गरी सो कारवाही न्यायसँगत किसिमबाट उचित अनुचित के थियो भन्ने पुनरावेदन जस्तो गरी हेर्न मिल्ने देखिँदैन । यस अदालतले रिट क्षेत्रबाट तथ्यमा प्रवेश गरी हेर्ने र प्रमाणको मूल्याङ्कन गर्न समेत नमिल्ने ।

अनुशासनसम्बन्धी प्रचलित नियमबमोजिम आचरणमा सुधार गर्न गरिएको कारवाहीबाट रोजगार सम्बन्धी मौलिक हकमा खलल पुग्न गएको भनी मान्न मिल्दैन । अधिकारको खोजी गर्ने कुनै पनि व्यक्तिले आफूलाई तोकिएको कर्तव्य पनि पालना गर्नु पर्दछ । अधिकार र कर्तव्यका उचित समन्वयबाट मात्र सन्तुलित समाजको निर्माण भई त्यस्तो समाजबाट नै व्यक्तिको अधिकार प्रवर्द्धनमा ठोस टेवा पुग्न जाने ।

अख्तियारवाला व्यक्तिले प्रक्रियासँगत तरिकाबाट गरेको ग्रेड घटुवासम्बन्धी कारवाहीबाट निवेदकको पेशा व्यवसायसम्बन्धी संवैधानिक मौलिक हक उल्लंघन भएको अवस्था देखिन नआउँदा निवेदकको मागबमोजिमको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः चुरामन खड्का

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६७ साल पुस २५ गते रोज १ शुभम् ।

२३

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या. प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६४ सालको रिट निवेदन नं. १०९३, उत्प्रेषणयुक्त परमादेश, *टीकाबहादुर एरी वि. जिल्ला प्रशासन कार्यालय, सुर्खेत समेत*

निवेदकले सरकारले जग्गा अधिग्रहण गरी मुआब्जा पनि नदिई घरवारविहीन पारिएको भन्ने जिकीर लिए पनि त्यसलाई स्थापित गराउन कुनै वस्तुनिष्ठ आधार देखाउन नसकेको र निवेदक प्रस्तुत मुद्दा सुनुवाइको दिन उपस्थित नै नभई छलफल समेतमा सहभागी भएको पाइएन। कानूनी उपचार खोज्न आउने व्यक्तिले सत्य कुरा अदालतसमक्ष राख्नु र सफा हातले अदालत प्रवेश गर्नुपर्ने हुन्छ जुन प्रस्तुत सन्दर्भमा निवेदकले त्यसो गरेको पाइएको छैन। अपितु निराधार निवेदन जिकीर लिएर अदालत प्रवेश गरेको देखिएकोले निवेदकले जिकीर लिएबमोजिम निजको जग्गा विपक्षीहरूले अधिग्रहण गरेको तथ्य नै स्थापित हुन आएकोले मुआब्जा दिने भन्ने आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान रहेको नदेखिने।

इजलास अधिकृतः चुरामन खड्का

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६७ साल पुस २६ गते रोज २ शुभम्।

## इजलास नं. १०

१

**मा.न्या.श्री अवधेशकुमार यादव र मा.न्या.श्री प्रकाश वस्ती,** २०६६ सालको CI-०९०२, अंश अपुताली हक कायम, *बद्री कुँवर वि. बीना यादव*

बाबुले पाउने अंश निजकी छोरीले पाउनु स्वाभाविक एवं कानून र न्यायको दृष्टिमा उचित हुने देखिँदा बाबु जगतरामले पाउने अंशमा निजकी विवाहित छोरीको दावी पुग्न सक्ने नै देखिने।

मूल तीन अंशियारमध्ये अयोध्याप्रसाद अहिरले मिलापत्रबाट अंश पाइसकेको देखिएको र वादीका बाबु जगतराम अहिर र प्रतिवादी बद्री अहिर दुई अंशियारबीच अंशबण्डा हुन बाँकी रहेको देखिएकोले निज जगतराम अहिरको अंशभागमा पर्ने सम्पत्तिमा निजकी छोरी वादीको अपुताली कायम हुने गरी तायदातीमा उल्लिखित सम्पत्तिमा २ खण्डको १ खण्ड जगतरामको अंशभागमा पर्ने सम्पत्तिमा वादीको अपुताली अंशहक कायम हुने।

इजलास अकिकृतः कमलप्रसाद पोखरेल

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६७ साल माघ २६ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री अवधेशकुमार यादव र मा.न्या.श्री प्रकाश वस्ती,** २०६६ सालको CI-००८१, जग्गा खिचोला चलन, *दीगम्बरनारायण यादव समेत समेत वि. रवियादेवी यादव*

प्रतिवादीहरूले विवादित जग्गाहरू वादीका पतिबाट खरीद गरेको भनी जिकीर लिएपनि त्यसरी खरीद गरेको प्रमाण प्रस्तुत गर्न सकेको देखिँदैन। निजहरूले उक्त जग्गा पहिल्यै २०२८/२९ सालमा खरीद गरी आफ्नो स्वामित्वमा ल्याई सकेको भए पुनः सोही जग्गाबाट बिगो भराई पाऊँ भनी दरखास्त दिनु पर्ने स्थिति नहुने।

दावीका जग्गामा प्रतिवादीहरूले खिचोला गरेको भनी वादीले लिएको र प्रतिवादीहरूले सो जग्गाहरू आफ्नै भोगमा रहेको भनी प्रतिउत्तर दिई वादीको हकको जग्गामा प्रवेश गरी आफ्नो अधीनमा लिएको तथ्यलाई स्वीकारै गरेको देखिँदा वादी दावीबमोजिमको जग्गामा प्रतिवादीहरूले खिचोला गरेको भन्ने दावी पुष्टि भएको देखिन आउने।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६७ साल माघ २६ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री अवधेशकुमार यमदव र मा.न्या.श्री तर्कराज भट्ट,** २०६६ सालको CR-००३७, जबर्जस्ती करणी, *दीपक ढकाल वि. नेपाल सरकार*

प्रतिवादी दीपक ढकालले पीडितलाई जबर्जस्ती करणी गरेको तथ्य, किटानी जाहेरी, परीक्षण प्रतिवेदन, प्रतिवादीहरूको अधिकारप्राप्त अधिकारी समक्ष तथा अदालतमा भएको साविती बयान, पीडितको मौकाको कागज र सो कागजलाई समर्थन हुने गरी अदालतमा गरेको बकपत्र तथा वस्तुस्थिति मुचुल्काका व्यक्तिहरूले गरेको कागज समेतको आधार प्रमाणबाट

यी प्रतिवादी दीपक ढकालले मुलुकी ऐन, जबर्जस्ती करणी र अप्राकृतिक मैथुन समेत गरेको ठहर हुने ।
इजलास अधिकृतः भोलानाथ ढकाल
कम्प्युटरः चन्द्रा तिमल्सेना
इति संवत् २०६७ साल माघ १२ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री तर्कराज भट्ट,** २०६२ सालको दे.पु.नं. ८७८०, ८७८१, अंश चलन, *विष्णुप्रसाद उपाध्याय वि. ध्रुवप्रसाद उपाध्याय, दामोदरप्रसाद उपाध्याय वि. ध्रुवप्रसाद उपाध्याय*

प्रतिवादीहरू एवं वादीहरू अंशियारा रहेका कुरामा विवाद नभएको र निजहरू बीच अंशबण्डा भैसकेको भन्ने कुनै कानूनसम्मत प्रमाण पुनरावेदक प्रतिवादीहरू तर्फबाट प्रस्तुत हुन नसकेको अवस्थामा र आमाले आर्जन गरेका सम्पत्ति सगोलका छोराहरू र बुहारी समेतको हकमा पैतृक सम्पत्ति नै मान्नुपर्ने हुँदा सो सम्पत्तिमध्ये केही सम्पत्ति सगोलमै रहेको अवस्थामा आमाले प्रतिवादीमध्येको सगोलको अंशियारलाई बकसपत्र गरी दिएको सम्पत्तिलाई प्रत्यर्थी प्रतिवादीको निजी आर्जनको सम्पत्ति समेत मान्न नमिल्ने ।
इजलास अधिकृतः विमल पौडेल
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०६७ साल मंसिर २६ गते रोज १ शुभम् ।

५

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** २०६४ सालको रिट नं. ०८२१, परमादेश, *मु.स. गर्ने श्रीमती वसन्तादेवी पन्थी वि. प्रहरी नायब महानिरीक्षक, पश्चिमाञ्चल क्षेत्रीय प्रहरी कार्यालय पोखरा समेत*

आफ्नो कार्यालयमा दर्ता रहेको कागजातहरू हराएको भन्ने आधारबाट ऐनमा भएको व्यवस्थामा अन्यथा हुन सक्दैन । तत् विगषयमा यस अदालतबाट भएको आदेशबमोजिम पुनः दर्ता भएको पुनरावेदन पत्रमा अघिल्लो म्याद लागू नहुने भनी निवेदकलाई नै अप्ठेरो हुने गरी पुनः दुई वर्षको अवधिभित्र फैसला गर्छु भन्ने विपक्षीहरूको भनाइले निवेदकको अधिकारमा आघात पुगेको भन्ने विपक्षीहरूको भनाइले निवेदकको अधिारमा आघात पुगेको स्पष्टै देखिन्छ । आफ्नो जिम्माको कागजात सुरक्षित नराखी जिम्मेवारी पूरा गर्न नसकेको, कानूनले निर्धारण गरेको कार्य गर्न नसकेको र अदालतबाट आदेश हुँदा समेत विपक्षीहरूबाट ऐनका समयसीमाभित्र काम भएको नदेखिँदा आदेश प्राप्त गरेको मितिले तीन महिनाभित्र निर्णय गरी यस अदालतलाई जानकारी दिनु भनी विपक्षीहरूका नाउँमा परमादेश जारी हुने ।
इजलास अधिकृतः अम्बिका निरौला
कम्प्युटरः सुन्दरबहादुर कार्की
इति संवत् २०६७ साल माघ १७ गते रोज २ शुभम् ।

६

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** २०६७-WO-०४३०, उत्प्रेषणयुक्त परमादेश, *श्यामराज श्रेष्ठ वि. मनकामना डेभलपलेपमेन्ट बैंक लि. काठमाडौं समेत*

विवादित कि.नं. ६३१९ को ज.वि. ०-११-१७-२५ को जग्गा २०५३ सालदेखि अड्डा अदालतमा विवादित रही मुद्दा चली हाल मकवानपुर जिल्ला अदालतमा मुद्दाको रोहमा विचाराधीन रहेको छ । बदर भइसकेको पूर्जाको आधारमा धितो राखेको र सोही पूर्जाको आधारमा बैंकले आफ्नो नाममा दाखिल खारिज नामसारी गरेको सम्पत्तिको स्वामित्वको अन्तिम निर्णय भएपछि कानूनबमोजिम हुने नै हुँदा रोक्का रहनु नै न्यायसंगत हुन्छ । सम्पत्ति हस्तान्तरण समेत भई सम्पत्तिको स्वरूप परिवर्तन हुन जाँदा उत्पन्न हुने परिणामलाई समेत विचार हुन आवश्यक छ । साथै सो सम्पत्तिमा निवेदकको घर बसोवास रहेको तथ्य समेत मिसिल संलग्न कागजबाट देखिएको छ । यस स्थितिमा सो सम्पत्ति हाल रोक्का नै राख्नु उचित देखिँदा मकवानपुर जिल्ला अदालतबाट मिति २०६७।३।६ मा अ.बं. १७१ नं. अनुसार भएको रोक्का राख्ने आदेश बदर गरी फुकुवा गरी दिने मिति २०६७।७।११ को पुनरावेदन अदालत हेटौडाको आदेश कानूनसम्मत् नभएको हुँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब निवेदकको मागबमोजिमको विवादित जग्गा शुरू मकवानपुर जिल्ला अदालतको आदेशबमोजिम रोक्का राख्नु भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेश समेत जारी हुने ।
इजलास अधिकृतः अम्बिका निरौला
कम्प्युटरः सुन्दरबहादुर कार्की
इति संवत् २०६७ साल माघ १७ गते रोज २ शुभम् ।

७

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** २०६६-WO-०७८९, उत्प्रेषणयुक्त परमादेश,

*रमेशबहादुर बलायर वि. मध्येपश्चिम क्षेत्रीय सशस्त्र प्रहरी तालिम केन्द्र नेपालगञ्ज, बाँके समेत*

२०६५।७।८ मा फैसलाको जानकारी पाइसकेपछि त्यसको झण्डै १७ महिनापछि मात्र अदालतमा रिट निवेदन पेश गरेको देखिन्छ। निजले उक्त निवेदन ढिलो गरी पेश गर्नुको उचित र पर्याप्त कारण देखाउन सकेको देखिँदैन। निजले मिति २०६६।१०।१२ मा मात्र फैसलाको जानकारी पाएको भनी लेखिएको जिकीर उचित कारण र आधारसहितको देखिएन। निवेदकले विलम्ब गरी प्रस्तुत रिट निवेदन गर्नुपर्ने मनासिब माफिकको विश्वासिलो कारण समेत देखाउन सकेको पाइएन। त्यसकारण प्रस्तुत रिट निवेदन बिलम्बको सिद्धान्तअनुसार रिट खारेज हुने।

इजलास अधिकृतः अम्बिका निरौला

कम्प्युटरः सुन्दरबहादुर कार्की

इति संवत् २०६७ साल माघ १७ गते रोज २ शुभम्।

८

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६२ सालको फौ.पु.नं. ३४९५, ०६३-CR-००१७, CR-००१८, CR-००१९, २०६३ सालको फौ.पु.नं. ३८०७, ३८०८, ३८०९, ३८१०, ठगी, *कृष्णप्रसाद पौडेल वि. नेपाल सरकार, चन्द्रप्रसाद घिमिरे वि. नेपाल सरकार, सूर्यकान्त घिमिरे वि. नेपाल सरकार, सोमनाथ कडेल वि. नेपाल सरकार, डोलराज तिवारी वि. नेपाल सरकार, ध्रुवराज पौडेल वि. नेपाल सरकार, विष्णुमाया पौडेल वि. नेपाल सरकार, पुष्करबहादुर पाल वि. नेपाल सरकार*

मुख नमिलेको कुरामा प्रमाण बुझी निर्णय गर्नुपर्नेमा पुनरावेदन अदालतले निर्णय गर्दा आवश्यक प्रमाण नबुझीकन र तथ्यको विश्लेषण नगरी केवल सैद्धान्तिक विवेचना गरी गरिएको पुनरावेदन अदालतको फैसलामा न्यायिक विवेचनाको अभाव देखिने।

अतः बुझ्नुपर्ने प्रमाण नबुझी मुलुकी ऐन, अ.बं. ७८ नं. १८४क नं. प्रमाण ऐन, २०३१ को दफा ३ तथा ५४ समेतको कानूनी व्यवस्थाको त्रुटि गरी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०६२।१।२२ मा भएको फैसला त्रुटिपूर्ण हुँदा बदर गरिदिएको छ। पुनरावेदन नगर्ने प्रतिवादीहरू प्रकाश गैरे, विद्यासागर गैरे, शिवराज भट्टराई श्रीमाया गैरे, त्रिलोचन आचार्य, पशुपति अधिकारी, रघुनाथ सापकोटा, बुद्धि ढकाल, मोहदत्त काफ्ले, खेमराज चौधरी, जगबीर गुरूङ्ग, र रामहरि गैरेको हकमा समेत अ.बं. २०५ नं. बमोजिम उक्त फैसला बदर हुन्छ। उपरोक्त कुराका अतिरिक्त जो जे बुझ्न पर्दछ बुझी पुनः निर्णय गर्नु भनी रूजु रहेका पक्षहरूलाई तारेख तोकी मिसिल पुनरावेदन अदालत हेटौंडामा पठाई दिनुपर्ने।

इजलास अधिकृत : दीपक ढकाल

इति संवत् २०६७ साल चैत १ गते रोज ३ शुभम्।

९

**मा.न्या.श्री भरतराज उप्रेती र मा.न्या. प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६३ सालको दे.पु.नं. ९०३४, नोक्सानी बिगो, *दीपबहादुर स्वाँर वि. प्रो.अमृत अमात्य*

सम्झौताका निश्चित शर्तहरू, निश्चित प्रयोजन र निश्चित कार्य सम्पन्न समयसीमा आपसी सहमतिका आधारमा तय हुने र त्यसरी तय गरिएका आपसी मापदण्डका आधारहरू दुबै पक्षलाई बन्धनकारी हुन्छन्। सम्झौतामा उल्लिखित बन्धनकारी शर्तहरू कुनै पक्षले पूरा नगरेमा सोबाट सृजित हुन पुगेको दायित्व शर्त पूरा नगर्ने पक्षले व्यहोर्नु पर्ने।

१० प्रतिशतभन्दा घटी वा बढीको मूल्य आर्थिक प्रशासनको नियमानुसार लिन दिन मञ्जूर छु भनी कबुलियत गरिसकेपछि सो निकायले कायम गरेको दरभाउ र आर्थिक प्रशासनसम्बन्धी नियमावली, २०४२ को अधीनमा रही दावी गर्नुपर्नेमा बढ भएको मूल्यको कार्यतालिका आफ्नो मनोमानी ढंगले एकतर्फी रूपमा पेश गरी असीमितरूपमा मूल्य वृद्धिको माग गरिएको दावी उक्त सम्झौता विपरीत हुने।

शर्तबमोजिम निर्माण कार्य पूरा नगरी नोक्सानी भएको भनी दावी लिने पक्ष वादीले नै समयमा निर्माण कार्य शुरू नगर्ने, थप भएको म्यादमा पनि निर्माण कार्य सम्पन्न नगरी काम बीचमा नै छाडी दायित्व पूरा नगरी शर्तको परिपालना गर्न नसकेको अवस्थामा आफ्नै कारणले आफैंलाई पर्न गएको आर्थिक व्ययभारको परिपालना प्रतिवादीपक्षबाट गराई नोक्सानी बिगो भराई माग्न नपाउने।

इजलास अधिकृत : दीपक ढकाल

इति संवत् २०६७ साल माघ ४ गते रोज ३ शुभम्।

## मैनाली समाज सेवा संस्थाद्वारा आयोजित सम्मान कार्यक्रममा सम्माननीय प्रधान न्यायाधीश श्री रामप्रसाद श्रेष्ठज्यूले मिति २०६८।१।२ मा दिनु भएको मन्तव्य

मैनाली समाज सेवा संस्थाद्वारा आयोजित यस सम्मान तथा पुरस्कार वितरण समारोहमा मलाई प्रमुख अतिथिकोरूपमा आमन्त्रण गरी मेरो भनाइ समेत राख्ने अवसर उपलब्ध गराउनु भएकोमा आयोजकज्यूहरूलाई धन्यवाद ज्ञापन गर्दछु ।

सामाजिक सेवाको क्षेत्रमा विभिन्न कार्यक्रमहरू सञ्चालन गरी समाज र राष्ट्रको लागि उल्लेख्य योगदान पुऱ्याउने उद्देश्यले मैनाली समाज सेवा संस्थाको स्थापना भई यो संस्था यस क्षेत्रमा क्रियाशील रहेको थाहा पाउँदा मलाई खुशी लागेको छ । मैनाली दाजुभाई दिदी बहिनीहरूबीच भाइचारा सम्बन्ध सुदृढ गर्दै समाज सेवाको क्षेत्रमा योगदान पुऱ्याउने उद्देश्यले यो संस्थाको स्थापना हुनु आफैँमा महत्वपूर्ण कुरा हो । समाज सेवाको उद्देश्यले स्थापित यस्ता संस्थाहरूले समाजको रूपान्तरणका लागि आ-आफ्नो क्षेत्रमा केही न केही गर्न सकेमा अन्ततः राष्ट्रकै लागि महत्वपूर्ण योगदान पुग्दछ । यो संस्थाले आयोजना गरेको आजको यस सम्मान र पुरस्कार वितरण कार्यक्रमलाई मैले यसै रूपमा लिएको छु । म यस अवसरमा सम्मानीत व्यक्तित्व पूर्व प्रधान न्यायाधीश अनूपराज शर्माज्यू तथा बरिष्ठ अधिवक्ता रामनाथ मैनालीज्यू लगायत सम्मानीत हुने सबै व्यक्तित्वहरूलाई बधाइ ज्ञापन गर्न चाहन्छु ।

करीब तीन दशकसम्म कानून व्यवसायको क्षेत्रमा उच्च अनुभव, कार्यकुशलता र दक्षता हासिल गरी अनूपराज शर्माज्यूले सर्वोच्च अदालतको न्यायाधीशको रूपमा रही झण्डै ७ वर्षसम्म देशको सेवा गर्नुभयो । प्रधान न्यायाधीशको रूपमा उहाँको कार्यकाल तुलनात्मकरूपमा थोरै भएतापनि न्यायपालिकाको सुधार गरी न्यायिक प्रतिष्ठालाई उच्च पार्ने कार्यमा उहाँले महत्वपूर्ण योगदान दिनु भएको छ । उहाँको ईमान्दार, निष्पक्ष र निर्भीक स्वभाव एउटा असल न्यायकर्मीका लागि सधै प्रेरणादायी रहने छ भन्ने मलाई लाग्दछ ।

न्यायपालिकाको संस्थागत सुधारका लागि उहाँ प्रधान न्यायाधीश भएपछि मेरै अध्यक्षतामा विकृतिविहीन न्यायपालिकाको विकास अध्ययन कार्यदल गठन गर्नुभएको थियो । सो अध्ययन कार्यदलले दिएको प्रतिवेदनका आधारमा अहिले मैले न्यायपालिकाका कमीकमजोरी हटाई न्यायिक सुधारको लागि निरन्तर कार्य गर्दै आएको छु । यस बीचमा हामीले केही महत्वपूर्ण कार्यहरू पनि गरेका छौं । उहाँले न्याय तथा कानूनको क्षेत्रमा पुऱ्याउनु भएको योगदानको उच्च मूल्यांकन गर्दै यस संस्थाद्वारा सम्मानको आयोजना हुनु अत्यन्त खुशीको कुरा हो । सेवानिवृत्त जीवनमा पनि न्याय र कानूनको क्षेत्रमा उहाँबाट भविष्यमा समेत सहयोग पुगिरहनेछ भन्ने हामीले अपेक्षा गरेका छौं ।

त्यसैगरी कानून व्यवसायको क्षेत्रमा लामो समयदेखि क्रियाशील व्यक्तित्व वरिष्ठ अधिवक्ता रामनाथ मैनाली तथा कर्मचारी प्रशासन क्षेत्रको उच्च एवं नीति निर्माण तहमा रही लामो समयदेखि देशको सेवा गर्दै आउनु भएका नेपाल सरकारका सचिव श्यामप्रसाद मैनालीज्यू एवं गरीब, असहाय, बृद्धबृद्धाको सेवामा आफ्नो जीवन समर्पण गरी निस्वार्थ सेवा गर्दै आउनु भएकी समाजसेवी दिलशोभा श्रेष्ठ लगायत मैनाली परिवारबाट गत वर्षको एस.एल.सी. परीक्षामा सर्वोत्कृष्ट अङ्क हासिल गर्ने छात्रछात्रालाई पनि म यस अवसरमा बधाई ज्ञापन गर्दछु । आफ्नो आफ्नो क्षेत्रबाट विशिष्ठ योगदान पुऱ्याएवापत यस संस्थाद्वारा स्थापित पुरस्कारद्वारा पुरस्कृत हुने सबै महानुभावहरूले भविष्यमा आ-आफ्नो क्षेत्रमा अझ महत्वपूर्ण योगदान दिन सक्नुहुनेछ भन्ने विश्वास समेत व्यक्त गर्न चाहन्छु ।

अन्त्यमा, यस सम्मान कार्यक्रमको आयोजना गरी समाजको विभिन्न क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउनु हुने व्यक्तित्व एवं मैनाली परिवारभित्रबाट उल्लेखनीय कार्य गर्ने व्यक्तित्वलाई सम्मानीत र परस्कृत गर्ने परम्परा थालनी गरेकोमा यस मैनाली सेवा संस्था र यसमा आवद्ध सम्पूर्ण महानुभावहरूलाई पुनः धन्यवाद व्यक्त गर्न चाहन्छु । यसैगरी समाज र राष्ट्रको लागि महत्वपूर्ण योगदान दिने व्यक्तित्वहरूको पहिचान गरी सम्मान गर्ने यस्ता कार्यक्रमले अन्य व्यक्तित्वहरू समेतलाई हौसला मिल्नेछ । यस्ता रचनात्मक कार्य गर्ने मैनाली समाज सेवा संस्थाको यस पुनीत कार्यका लागि समेत धन्यवाद व्यक्ति गर्दै विदा हुन चाहन्छु । धन्यवाद !

## नागरिक दैनिक तथा The Republica को दोस्रो बार्षिकोत्सवका अवसरमा सम्माननीय प्रधान न्यायाधीश श्री रामप्रसाद श्रेष्ठज्यूले मिति २०६८।१।११ मा दिनु भएको मन्तव्य

सर्वप्रथम नेपाल रिपब्लिक मिडियाले आफ्नो प्रकाशनको दोस्रो वर्ष सफलतापूर्वक पुरा गरी तेस्रो वर्षमा प्रवेश गरेकोमा तपाईहरू सबैलाई हार्दिक बधाई ज्ञापन गर्दछु । यस मिडियाद्वारा प्रकाशित नागरिक दैनिक तथा The Republica ले तथ्यपूर्ण र वस्तुनिष्ठ समाचार संप्रेषण गरी आमनेपाली जनता साम् व्यावसायिक पत्रकारिताको राम्रो उदाहरण पेश गरेको छ भन्नेमा म विश्वस्त छु । कुनै वर्गीय, क्षेत्रीय, जातीय र राजनीतिक पूर्वाग्रह नराखी जनताको सुसूचित हुन पाउने अधिकारको रक्षा गर्नेतर्फ तपाईहरूलाई आउँदा वर्षहरूमा अझ सफलता मिलोस् भन्ने शुभकामना पनि म व्यक्त गर्न चाहन्छु ।

नेपालमा लोकतन्त्रले जुन आरोह अवरोहहरू व्यहोर्नु पऱ्यो त्यसको प्रत्यक्ष प्रभाव प्रेस जगतमा पनि परेको कुरा तपाइँ हामी सबैलाई अवगत नै छ । २०१७ सालपछिका ३० वर्षमा सत्तामा आसीनहरूले नरूचाएको कुनै कुरा प्रकाशन गर्न नदिने, त्यस्तो विषय छापिएमा पत्रिकाको दर्ता नै खारेज गर्ने, प्रेस नै वन्द गर्ने र सम्पादकहरूउपर मुद्दा चलाउने कैयौँ घटनाहरू भए । यो अवधिमा न्यायपालिकाले कैयौँ पटक हस्तक्षेप गरी प्रकाशनउपर लागेको प्रतिवन्ध फुकुवा गर्ने, सम्पादकहरूलाई वन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनामुक्त गर्दै प्रेस तथा प्रकाशन स्वतन्त्रताको पक्षमा उभिएको कुरा विशेष रूपमा स्मरणीय छ ।

पञ्चायतकालमा प्रेस र प्रकाशनउपर भएका आक्रमणहरूबाट पाठ सिकेर नै २०४७ सालको संविधानमा "वाक् र प्रकाशन स्वतन्त्रता" मात्र नभै "विचार र अभिव्यक्ति स्वतन्त्रता" को संवैधानिक प्रत्याभूति गरिएको थियो । यसका अतिरिक्त उक्त संविधानले धारा १३ मा "छापाखाना र पत्रपत्रिकासम्बन्धी हकको" व्यवस्था गर्दै कुनै समाचार लेख वा अन्य कुनै पाठ्यसामाग्री प्रकाशित गर्न पूर्व प्रतिवन्ध नलगाइने, त्यस्तो सामाग्री मुद्रण गरेवापत छापाखाना बन्द वा जफत नगरिने र सो वापत समाचार वा पत्रपत्रिकाको दर्ता खारेज नगरिने कुराको प्रत्याभूति प्रदान गऱ्यो । "विचार र अभिव्यक्ति स्वतन्त्रता" बहुदलीय व्यवस्थाको अपरिहार्य पूर्व आवश्यकता हो । एक हिसावले प्रेसको स्वतन्त्रता पनि यसैअन्तर्गत प्रत्याभूत हुन सक्थ्यो । सामान्यतः लोकतान्त्रिक संविधानहरूले "विचार र अभिव्यक्ति स्वतन्त्रता" वा जनताको "सूचनाको हक"को व्यवस्था गर्दछन् । हाम्रो छिमेकी मुलक भारतमा पनि त्यहाँको संविधानले "विचार र अभिव्यक्ति स्वतन्त्रता" को संवैधानिक प्रत्याभूति गरेको छ । त्यहाँको सर्वोच्च अदालतले विचार र अभिव्यक्ति स्वतन्त्रताअन्तर्गत नै प्रेस स्वतन्त्रता पनि समेटिने व्याख्या गर्दै प्रेस र प्रकाशन स्वतन्त्रताको रक्षा गरेको छ । हामीकहाँ जुन हिसावले स्पष्टरूपमा छापाखाना र पत्रपत्रिकासम्बन्धी हकको व्यवस्था गरियो यो प्रेस जगतले भोग्नु परेको चरम दमनबाट सुरक्षा प्रदान गर्न गरिएको विशेष व्यवस्था हो भन्ने मैले बुझेको छु ।

२०४७ सालदेखि २०६३ सालसम्म आइपुग्दा नेपालमा विद्युतीय प्रकाशन तथा प्रशारण संस्थाहरूको स्थापना भै श्रव्यदृश्य माध्यमबाट समाचार, सूचना र पाठ्य सामाग्रीहरूको प्रकाशन संस्थागत भएको छ। यस दृष्टिबाट विगत २० वर्षमा संचार क्षेत्रले नयाँ फड्को मारेको छ । तर यसै अवधिमा पनि सञ्चार गृह र सञ्चारकर्मीउपर दमन र ज्यादतीहरू भने रोकिएनन् । सञ्चार संस्था र माध्यमहरूउपर भएका विभिन्न खाले दमन समेतलाई मध्येनजर गर्दै अन्तरिम संविधान, २०६३ ले प्रकाशन एवं प्रशारण संस्था, रेडियो, टेलिभिजन, अनलाइन, डिजिटल प्रकाशनको समेत स्वतन्त्रताको रक्षा गर्ने प्रयास गरेको छ । यसरी विज्ञान र प्रविधिको प्रवेशसँगै संवैधानिक र कानूनीरूपले प्रेस स्वतन्त्रता संरक्षणको दायरा बढाउन विगत २०/२५ वर्षमा हामी सफल भएका छौँ ।

तर त्यसो भनेर चुनौतीका क्षेत्रहरू समाप्त भएका छन् भन्ने होइन । दुःखसाथ भन्नुपर्छ अहिले

पनि समस्त संचारक्षेत्रले निर्भीकतापूर्वक कार्य गर्न पाएको छैन । विभिन्न स्थानमा सञ्चारकर्मीउपर सांघातिक आक्रमण भएका छन्, पत्रकारहरू मारिएका छन् । प्रेस तथा प्रसारण संस्थाहरूउपर आफ्नो पक्षमा समाचार लेखिएन भनी आक्रमण भएका छन् । यस्ता कार्यहरूले लोकतन्त्रलाई कुनै रूपबाट पनि मद्दत गर्दैनन् । तसर्थ, सरकारले सञ्चारकर्मीहरूको सुरक्षाको लागि उपयुक्त प्रवन्ध गर्नुपर्छ । लोकतान्त्रिक राज्य व्यवस्था भन्ने तर संचार जगत र पत्रकारहरू असुरक्षित हुनुपर्ने यस्तै स्थिति रही रहने हो भने लोकतन्त्र व्यवहारमा होइन, नारामा मात्र सीमित हुन पुग्छ ।

सञ्चार जगत र न्यायपालिकाबीचको सम्बन्ध अन्योन्याश्रित रहेको कारणले नै सम्भवतः म तपाइँहरू सामु उभिएर केही भन्ने जमर्को गर्दैछु । सञ्चार जगत तथा न्यायपालिका दुबैले आफ्नो लागि नभैर जनताको लागि काम गर्दछन्; यिनीहरूले शासकको न भै शासितको सुरक्षा एवं हकहितको रक्षाको काम गर्छन् । धेरै पहिले न्यूयोर्क टाइम्सको मुद्दामा न्यायमूर्ति Hugo Black ले भनेको कुरा म विशेषरूपले स्मरण गर्न चाहन्छु । प्रेस स्वतन्त्रताको किन रक्षा गर्ने भन्ने सन्दर्भमा उनले भनेका थिए:-

"The press was to save the governed, not the governors, the press was protected so that it could bare the secrets of the government and inform the people. Only a free and unrestrained press can effectively expose deception in the government."

न्यायमूर्ति Black ले अमेरिकी सन्दर्भमा जुन Deception in government भन्ने शब्द प्रयोग गरे, त्यसको मनन् गर्नु हाम्रो सन्दर्भमा विशेष जरूरी छ भन्ने मलाई लाग्दछ । यहाँ लोकतन्त्रको हावा यति जोडदाररूपले बहेको छ कि सरकार तथा सत्ताका पक्षधरहरूले खुलेर त्यसको विरोध गर्न सक्दैनन् । वस्तुतः लोकतन्त्र विरोधी कित्तामा उभिएको देखिन कोही पनि चाहँदैन । त्यसैले सञ्चार र न्यायपालिकाको स्वतन्त्रताको सोझो विरोध यहाँ गरिँदैन । तर अनेक प्रकारका झन्झट र बाधाहरू सिर्जना गर्ने कार्यहरू भने वरोवर भैरहन्छन् । सम्भवतः अहिलेको चुनौती पनि यही हो । तर त्यस्तो प्रयास गर्नेहरूले बुझ्नु पर्छ कि जबसम्म देशको प्रत्येक व्यक्तिको मानव अधिकार र मौलिक स्वतन्त्रताको रक्षा हुँदैन, हकहरूको निर्वाध उपभोगको सुनिश्चितता हुँदैन, जबसम्म सरकार पारदर्शी र उत्तरदायी हुँदैन, जबसम्म भ्रष्टाचार रोकिँदैन, सञ्चार र न्यायपालिका आफ्नो कार्यमा निरन्तर लागि रहन्छन् । त्यसबाट उनीहरूलाई प्रत्यक्ष वा परोक्षरूपले रोक्नु भनेको प्रकारान्तरले लोकतन्त्रउपर नै प्रहार गर्नु हो । यो हामी सबैको दुर्भाग्य हो कि नेपालमा लोकतन्त्रले अझै पनि स्थायित्व प्राप्त गर्न सकेको छैन । पटक पटक यो संकटमा पर्‍यो । जब लोकतन्त्र संकटमा पर्छ, नागरिक स्वतन्त्रताहरू माथि अंकुश लाग्न जान्छ । त्यस्तो अवस्थामा स्वतन्त्र न्यायपालिका मात्रै सबैको आश्रयस्थल बन्न गई यसको जिम्मेवारी पनि अरू बढेर जान्छ ।

पटक पटक लोकतन्त्रमा आएको संकटको प्रभाव जसरी प्रेस जगतमा पर्‍यो न्यायपालिकाउपर पनि त्यसको छायाँ नपरेको होइन । जनताको स्वतन्त्रता र लोकतन्त्र खोसिएको समयमा न्यायपालिकाउपर पनि नियन्त्रण गर्न नखोजिएको होइन । तर जति नै प्रयास भए पनि न्यायपालिका सधैँ लोकतन्त्र, मानव अधिकार र प्रेस स्वतन्त्रताको पक्षमा उभिएको छ । पञ्चायतकाल वा त्यसपछिको समय वा द्वन्द्वको समयमा वा राजाको प्रत्यक्ष शासनकालमा पनि अदालतले जनअधिकारको पक्षमा कार्य गरेका प्रशस्त उदाहरणहरू छन् । जब एक एक गरेर राजनेताहरूलाई वन्दी बनाइयो, जब शाही आयोग खडा गरी संविधान मिच्ने काम भयो, त्यस बखत सर्वोच्च अदालतले जनताको मौलिक हक एवं विधिको शासनको पक्षमा निर्भीकतापूर्वक उभिँदै शाही आयोगलाई गैरसंवैधानिक घोषित गरी संविधान र लोकतन्त्रको रक्षा गर्‍यो । आज मलाई सन्तोष लाग्छ त्यस ऐतिहासिक कार्यमा सहभागी हुने मौका मैले पनि पाएँ । यति हुँदा हुँदै पनि अहिले संविधान निर्माणको क्रममा न्यायपालिकाले गरेको कार्यहरूलाई तिरस्कार गर्ने, यसलाई कमजोर पार्ने कार्यहरू भैरहेका छन् । संवैधानिक अदालतको नाउँमा न्यायपालिकालाई विभाजित

गर्ने प्रयास भैरहेको छ । यो कुरा बाहिर आउनासाथ न्यायपालिकाको प्रमुखको नाताले मैले विरोध गरेको हुँ । यो गर्नु मेरो पदीय जिम्मेवारी र कर्तव्य पनि हो । यति मात्र न भै सर्वोच्च अदालतका वरिष्ठ न्यायाधीशहरूको समूहले प्रमुख राजनीतिक दलका नेताहरूलाई भेटी सर्वोच्च अदालतको तहमा समानान्तर संस्था "संवैधानिक अदालत" खडा नगर्न आग्रह गरिसकेको छ । आज प्रेस सामु उभिएर म पुनः आग्रह गर्न चाहन्छु, संवैधानिक अदालत खडा गरेर न्यायपालिकालाई कमजोर पार्ने कार्य नगरियोस्, न्यायपालिकाको कुरै नसुनी अघि बढ्ने गल्ती नगरियोस् । न्यायपालिका कमजोर रहे, लोकतन्त्र कुनै हालतमा पनि बलियो हुन सक्दैन ।

न्यायपालिका स्वयं संवैधानिक अदालतको विपक्षमा किन उभिनु पर्‍यो भन्ने बारेमा पनि आज म केही कुरा राख्न चाहन्छु । न्यायपालिकाको आफ्नो महत्वकांक्षा भन्ने हुँदैन । संविधानले दिएको भूमिकाको सीमाभित्र यसले कार्य गर्ने हो । तर अधिकार खोसिएका जनतालाई न्याय प्रदान गर्नु यसको प्रमुख कर्तव्य हो । लोकतन्त्र, विधिको शासन र न्यायपूर्ण समाजको स्थापनाको लक्ष्यबाट यो विमूख रहन सक्दैन । जब जब अनेक वहानामा लोकतन्त्र मिचिन थाल्छ, संविधानको सीमा नाघ्न थालिन्छ वा संविधान र कानूनलाई उपहास गर्दै सत्तामा टिकिरहने खेल खेल्न थालिन्छ, अदालत त्यसको विपक्षमा उभिन्छ । यो सत्य हो कि पञ्चायतकाल र त्यसपछि पनि पटक पटक सर्वोच्च अदालतले सत्ताधारीहरूलाई मन नपर्ने निर्णय दिएको छ । कारण स्पष्ट छ, हामीले हेर्ने संविधान र कानून हो, हाम्रो उत्तरदायित्व पनि संविधान, कानून र जनताप्रति नै हो । संविधानले नदिएको भूमिका अदालतले खोजेको छैन । त्यसको प्रयोगमा यदाकदा त्रुटि भएको छ भने ती मानवीय गल्ती हुन् । त्यस्तो गल्ती सच्याउने व्यवस्था सर्वोच्च अदालतभित्र नै गर्न सकिन्छ । त्यसको लागि संवैधानिक अदालत जस्तो समानान्तर संस्था खडा गर्न जरूरी छैन । त्यसैले न्यायपालिकाले हासिल गरेको उपलब्धीलाई तिरस्कार नगरौं, उज्यालोबाट अँध्यारोतर्फको यात्रा शुरू नगरौं, हाम्रा समस्याहरू हाम्रै अनुभवबाट समाधान गर्न सक्छौं । त्यसको लागि अन्यत्र के कस्ता व्यवस्था छन् भनी खोज्दै हिड्नु र विचार सापटी लिनु पर्दैन भन्ने मेरो आग्रह हो ।

न्यायिक संस्थाहरूले एउटा निश्चित संस्कृतिमा काम गर्छन् र आफ्नो कार्यमार्फत् संवैधानिक एवं कानूनी संस्कृतिको विकास पनि गर्छन् । विगत साठी वर्षमा हामीले एउटा संस्कृति विकास गरेका छौं । मुलुकले संघात्मक राज्यप्रणाली अँगालेको खण्डमा पनि त्यो संस्कृतिलाई नबिगारी अघि बढ्न सकिन्छ । स-साना मुद्दाहरूलाई प्रान्तीय अदालत वा पुनरावेदन अदालतको तहमा नै अन्त्य गरी सर्वोच्च अदालतलाई नै संवैधानिक अदालतको रूपमा विकसित गर्न सकिन्छ । अहिले न्याय प्रशासन ऐनमा संशोधन गरी पुनरावेदन र जिल्ला अदालतलाई बलियो बनाउने प्रयास थालिसकिएको पनि छ । त्यसैले यूरोपीय संस्कृति वाहेक अन्यत्र राम्रोसँग काम गर्न नसकेको संवैधानिक अदालतको गीत गाउन यहाँ जरूरी छैन ।

मेरो अगुवाईमा न्यायपालिकालाई विकृतिविहीन बनाउन र मुलुकमा व्याप्त भ्रष्ट्राचारको विरूद्ध कदम चालिएको विषयमा संचार जगतले सकारात्मक रूपमा लिएको कुरा मलाई अवगत छ । मेरो कार्यकालमा विकृतिविहीन न्यायपालिकाको विकास एवं भ्रष्ट्राचारविरुद्ध चालिएको प्रत्येक कदममा पूर्ण साथ दिई पुऱ्याउनु भएको सहयोगका लागि म आमसञ्चार जगतलाई विशेष धन्यवाद ज्ञापन गर्न चाहन्छु । भ्रष्ट्राचारको कारण राज्यको कुनै पनि संयन्त्रले राम्रोसँग काम गर्न नसकेको र जनतामा निराशा छाएको अवस्था छ । त्यसैले भ्रष्ट्राचाररूपी शत्रुको विरूद्ध लड्नु न्यायपालिकाको कर्तव्य नै हो भन्नेमा हामी स्पष्ट छौं । अदालतको अभियानबाट तत्कालिक रुपमा कुनै राजनीतिक पार्टीलाई नाफा वा नोक्सान होला । तर लोकतन्त्रको रक्षाको लागि हामी सबै यी कुराभन्दा माथि उठ्नसक्नु पर्छ । स्वच्छ सार्वजनिक जीवन सबैको हितमा हुन्छ । कानूनभन्दा माथि कोही छैन, कानूनको दृष्टि नपुग्ने ठाउँ पनि कहीं छैन भन्ने कुरालाई संस्थागत गर्नु आवश्यक छ । त्यसो भएमा मात्र देश र जनताप्रति हामीले आफ्नो जिम्मेवारी सही किसिमले निर्वाह गरेको ठहर्न

जान्छ । सर्वोच्च अदालतले अहिले जे गरेको छ, आफ्नो संवैधानिक कर्तव्यको पालन गरेको मात्र हो । जुन मार्ग अहिले तय भएको छ, आउँदा दिनहरूमा पनि अदालत सोही मार्गमा हिड्छ भन्ने कुरामा म विश्वस्त छु । यही मार्गबाट नै हामी संवैधानिक सर्वोच्चता तथा विधिको शासनको संबर्द्धन गर्दै मुलुकमा व्याप्त दण्डहीनता विरुद्धमा लड्न सक्छौँ । त्यसैले पनि न्यायपालिकालाई कमजोर पार्न खोज्ने प्रयासलाई हामीले हरतरहले निरूत्साहित पार्नु पर्छ । न्यायिक स्वतन्त्रता नरहे र संचार क्षेत्रले स्वतन्त्रता र निर्भीकतापूर्वक आफ्नो कार्य गर्न नपाए लोकतन्त्रउपर अहिले छाएको काला वादल हट्न सक्दैन । तसर्थ सञ्चार जगतले चनाखो भै लोकतन्त्र र न्यायिक स्वतन्त्रतालाई कमजोर पार्ने कुनै पनि प्रयासको विरूद्ध दह्रोसँग उभिनु पर्छ भन्ने मेरो मान्यता छ ।

अन्त्यमा, नागरिक र The Republica ले जुनरूपमा व्यावसायिकता निर्वाह गर्दै जनताको सुसुचित हुने हकको पक्षमा कार्य गरिरहेको छ, सो कार्यमा आउँदा दिनमा अरु निखार आओस् र जनअधिकारको पहरेदारको रूपमा तपाईको संस्था अघि बढ्न सकोस् भनी तपाईहरूलाई पुनः हार्दिक शुभकामना दिन चाहन्छु । साथै मलाई निमन्त्रणा गरी केही बोल्ने अवसर दिनु भएकोमा पनि तपाईहरूलाई धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद !

**नेपाल कानून आयोगको वेभसाइटमा संविधान समेत हालसम्म २९९ ऐनहरू नेपालीमा र तीमध्ये २२१ वटा ऐन अंग्रेजीमा एवं ५१ वटा नियमावली नेपालीमा तथा ३५ वटा नियमावली अंग्रेजीमा अनुवाद र १९१० सालको मुलुकी ऐन, न्यायविकासिनी र विभिन्न ऐतिहासिक दस्तावेजहरू निःशुल्क पढ्न र डाउनलोड गर्न सकिनेछ ।**

**ठेगाना**

**www.lawcommission .gov.np**